- व्यक्तिगत सवारीको सट्टा ठूला र एकपटकमा धेरैजनाले प्रयोग गर्न मिल्ने सवारीसाधनको प्रयोग बढाऔं।
- डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनको विकल्पमा विद्युतीय सवारीसाधनको प्रयोग गरौं।
- आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदूषण जाँच गरौं।

प्रदूषण घटाऔं, वातावरण जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।


eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 23 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११३

## नेपाली पति खोज्दै बङ्गलादेशी महिला वीरगंजमा

प्रस, वीरगंज, ६ मङ्सिर/

बङ्गलादेशमा चिकित्साशास्त्र अध्ययन गरिरहेका एकजना नेपाली पुरुषसँग छ वर्ष सँगै बसेकी एकजना बङ्गलादेशी महिला अहिले ती पुरुषलाई पति भन्दै वीरगंजमा खोज्न आइपुगेकी छन्।




जिप्रका, पर्सामा फतेमा तुजेहर। तस्वीरः प्रतीक

बारा जिल्ला कलैया उपमहानगरपालिका–२० हाल वीरगंज महानगरपालिका–३ छपकैया निवासी नारायणी अस्पतालको बीमा शाखामा दैनिक ज्यालादारीमा कार्यरत डा जफर इमामलाई ती बङ्गलादेशी महिलाले पति दाबी गरेकी हुन् र ती महिला वीरगंज आएको थाहा पाएर डा इमाम सम्पर्कविहीन भएका छन्।

डा इमाम बङ्गलादेशमा चिकित्साशास्त्र पढ्दा आफूसँग एक वर्ष प्रेममा रही सन् २०१८ मा बिहे गरी सँगै बसेको ती महिलाको दाबी छ।

डा इमामकी पत्नी भएको दाबी गर्ने फतेमा तुजेहरले आफूले डा इमामसँग मुस्लिम धर्म अनुसार बिहे गरेको र सोको प्रमाण जिल्ला प्रहरी कार्यालय, पर्सामा दिएको बताएकी छन्।


NOTARY PUBLIC, LALMONIRHAT, BANGLADESH.

AFFIDAVIT

इमाम इनम मेडिकल कलेज एन्ड हस्पिटल, बङ्गलादेशमा अध्ययनरत थिए भने फतेमा अज्जाज निजानु रहमान कृषि कलेजमा बिएससीएजी अध्ययन गरिरहेकी थिइन्।

फतेमाका अनुसार सन् २०१७ मा इमामसँग त्यहाँको एक सार्वजनिक बसमा भेटघाट भएको थियो। यात्रा गर्ने क्रममा इमामले आफ्नो मोबाइल बन्द भएको भन्दै फतेमाको मोबाइल प्रयोग गरी आफ्नो साथीसँग कुरा गरेका थिए। त्यसपछि इमाम र फतेमा निरन्तर सम्पर्कमा रहेपछि ती दुईजनाबीच प्रेम सम्बन्ध बढेको थियो। इमामले अध्ययन पूरा गरी सोही कलेजमा अध्यापन गर्ने क्रममा फतेमासँगै बसेका थिए।



इमाम कोरोनाकालमा लकडाउन भएपछि नेपाल घर फर्केका थिए। त्यसपछि पनि उनीहरूबीच संवाद चलिरहेको थियो। यसबीच इमामको

(बाँकी अन्तिम पातामा)

## थरुहट क्षेत्रका किसानहरू गहुँबालीमा सिंचाइ गर्दै युरिया मलको लागि भने भारतीय बजार धाउँदै

ओमप्रकाश चौधरी, सेढवा, ६ पुस/

पर्साको ग्रामीण भेगका किसानहरू यतिखेर गहुँबालीको सिंचाइ गर्न व्यस्त छन्।

विशेषगरी गण्डक नहरभन्दा उत्तरतर्फ थरुहट क्षेत्र जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिकाका किसानहरू गहुँबालीमा सिंचाइ गर्न व्यस्त छन्।

किसानहरूले बाँधपैनीको पानी तथा भूमिगत सिंचाइ अन्तर्गत दमकल र वाटरपम्पको प्रयोग गरी सिंचाइ गरिरहेका छन्। गहुँको बीउ छरेको २१ दिनदेखि २५ दिनमा सिंचाइ गर्ने गरिन्छ।

यहाँका किसानहरू सिंचाइमा लागे पनि रासायनिक मल युरियाको अभाव झेलिरहेका छन्। कृषि सामग्री कम्पनी तथा साल्ट ट्रेडिङ कम्पनी लिमिटेडले स्थानीय कृषि सहकारी संस्थालाई आवश्यकता अनुसार मल उपलब्ध नगराउँदा अहिले किसानहरू भारतीय बजारबाट मल खरीद गरेर गहुँबाली सपार्नतिर लागेका छन्। अहिले किसानहरू भारतीय बजार भङ्गाहा, इनर्वा, मैनाटार, सिकटा तथा भेलाहीबाट युरिया मल खरीद गर्दै आएका छन्।

सखुवाप्रसौनी गापा–१ का अध्यक्ष बृजकिशोर पञ्जियारले गहुँबालीको बेलामा पनि मलको अभाव झेलिरहेको बताए। उनले नेपाली मल समयमा नपाएको कारण आवश्यकता अनुसार भारतीय बजारबाट युरिया मलको अभाव किसानहरूले पूरा गरिरहेका छन्। उनले पालिकामा अहिलेसम्म मल वितरणका लागि परिपत्र नआएका कारण मल वितरण हुन नसकेको बताए।



गहुँबालीको सिंचाइ गर्दै कृषक। तस्वीरः प्रतीक

जीराभवानी गापा–२ सेढवास्थित मारुती नन्दन कृषि सहकारी संस्थाका अध्यक्ष सत्यनारायण साहले मङ्सिर १५ गते सवा सय बोरा मल आएको र त्यसपछि मल नआएको बताए। उनले मल आएको खण्डमा वितरण गरिने बताए। कृषि सामग्री कम्पनीले हालै एक/दुई दिनअघि कम्पनीमा ८१ हजार बोरा मल सञ्चित रहेको जनाएको थियो। तर कम्पनीको गोदाममा मल रहे पनि सहकारीलाई बिक्री वितरण नभएकाले किसानहरूले मल पाउन सकेका छैनन्।

## जिल्ला अधिवेशनको समय निर्धारण भएपछि कायस्थ समुदायमा चहलपहल

प्रस, रौतहट, ६ पुस/

चित्रगुप्त समिति, रौतहटको जिल्ला अधिवेशनको समय निर्धारण भएपछि यहाँको कायस्थ सामुदायमा चहलपहल बढेको छ।

यही पुस १५ गते उम्मेदवारी दर्ता हुने तथा २१ गते मतदान हुने समय तोकिएकोले कायस्थ समुदायमा चहलपहल बढेको हो।

२०५७ सालमा गठन भएको चित्रगुप्त समितिको अध्यक्ष पदको लागि आकाङ्क्षी एक दर्जनभन्दा बढी रहेको विनयलाल दासले बताए।

वर्तमान अध्यक्ष गङ्गाधर वर्मा, सञ्जय कर्ण, मनोज निधि, राधेश्यामलाल कर्णलगायत अध्यक्ष पदका लागि एक दर्जन आकाङ्क्षीहरू छन्।

आफ्नो पक्षमा मतदातालाई रिझाउन उम्मेदवारहरू घरघरमा पुगेर भेट्ने तथा टेलिफोनमार्फत आग्रह गरिरहेका छन्।

समितिमा ८४५ जना मतदाता छन्। कायस्थ सामुदायको पुर्ख्यौली पेशा लेखापढी हो।

कायस्थ समुदाय १२ भागमा विभाजित छन्। कर्ण, श्रीवास्तव, निगम, कुलश्रेष्ठ, अम्बष्ठ, माथुर, अस्थाना, गौड, सूर्यध्वज, वाल्मीकि, भटनागर, सक्सेना हुन्।

इतिहासमा विसं २६० कार्तिक शुल्कपक्ष पूर्णिमाको दिन राजा मानदेवको पालामा भक्तपुर खौमा टोलमा बसोवास गर्ने कायस्थ नामका रतन्कार सिंहले चागु नारायणमा आफ्नो छोरा रामजन सिंहको दीर्घायु र सुख आनन्दको कामना गर्दै सुनको जलप लगाएको र तामाको कलश एक जोड चढाएका थिए। कायस्थहरू सृष्टिकर्ता ब्रह्माका मानस पुत्र र चित्रगुप्तका सन्तान मानिन्छन्।

हिन्दूहरूको वर्ण व्यवस्थामा ब्राह्मण, क्षत्री, वैश्य र शुद्रमा कायस्थहरूले छुट्टै वर्णस्थान राख्छन्। नेपालको उपत्यकामा बाटाजू, कायस्थ, कसजू, सैजु, प्रधान आदि थर लेख्ने गरिन्छ। स्कन्ध पुराणमा पनि कायस्थका सात लक्षणको वर्णन छ। विद्वान्, शुचि, दक्ष, राजभक्त, धैर्यवान्, परोपकारी, क्षमाशील, धीरा आदि छन्।

नेपाल संवत् ४४६ मा राजनीतिमा प्रवेश गरेको पहिलो व्यक्ति भारो हुन्। कायस्थहरू सन् १०९७ मा कर्णाटकबाट बारा जिल्लाको सिम्रौनगढमा आएका मानिन्छ। विसं २०६८ को जनगणना अनुसार नेपालमा ५४ स्थानमा रहेका कायस्थ जातिको सङ्ख्या ४४ हजार ३०४ छ।

कायस्थ सामुदायको एकजुट हुने तथा आफ्नो हकहितका लागि वकालत गर्ने संस्थाको रूपमा चित्रगुप्त समिति रहेको छ।

कायस्थ समुदायमा परेको सङ्टलाई जातिगतरूपमा सहयोग गर्न गठन गरिएको यस संस्थामा पनि एकरूपता नभएकोले रौतहटमा कायस्थ सामुदाय राजनीतिमा पछाडि परेका छन्।

गौर नगरपालिकामा करीब दुई हजार मतदाता कायस्थ रहेको अनुमान गरिएको छ।

## निजगढ र कोल्हवी नगरपालिकाको नदीजन्य पदार्थको ठेक्का अन्योलमा

प्रस, निजगढ, ६ पुस/

बाराको निजगढ र कोल्हवी नगरपालिकाको मुख्य आन्तरिक राजस्व सङ्कलन हुने स्रोतको रूपमा रहेको बकैया खोलाको नदीजन्य पदार्थ उत्खनन गरी ठेक्का लगाउने बाटो पुस महीनाको पहिलो साता बितिसक्दा पनि अन्योलमा छ।

ठेक्का लगाउने बाटो यी दुई स्थानीय तहलाई अझै खुलेको छैन। जसले गर्दा बर्सेनि करोडौं राजस्व गुम्ने सम्भावना छ भने, अर्कोतिर दिनदहाडै नदी खोलाबाट चोरी गरिएको नदीजन्य पदार्थ क्रसर उद्योगहरूमा निर्बाध भित्रिरहेको छ।



अघिल्लो वर्ष मापदण्डविपरीत कोल्हवी नपास्थित बकैया खोला खन्दै ठेकेदार कम्पनी। तस्वीरः जीतलाल श्रेष्ठ

जसले गर्दा दुई नगरपालिकाले अघिल्ला वर्षहरूमा नदीजन्य पदार्थको ठेक्का लगाएबापत राजस्व सङ्कलन हुने करीब रु १५ करोडदेखि २० करोड यस आर्थिक वर्षमा सङ्कलन हुने वा नहुने द्विविधा छ।

अघिल्ला आर्थिक वर्षहरूमा स्थानीय तह आफैंले वातावरणीय परीक्षण प्रतिवेदन बनाउन लगाउने, स्वीकृत गर्ने र अनुगमन, नियमन गर्ने प्रक्रिया सबै गरेका थिए। जुन प्राकृतिक स्रोतसाधन, वातावरण संरक्षणको सिद्धान्तविपरीत थियो। यस वर्षदेखि मधेस प्रदेश अन्तर्गतको वन तथा वातावरण मन्त्रालयले सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिशमा नदीजन्य पदार्थ (दहत्तर बहत्तर) उत्खनन, बिक्री, ओसारपोसार, ठेक्कासम्बन्धी वातावरणीय परीक्षण प्रतिवेदनलाई स्वीकृति दिने अधिकार पाएको छ। तर दुई महीनाभन्दा बढी समयदेखि यी दुई स्थानीय तहको प्रतिवेदन वन तथा वातावरण निर्देशनालयमा थन्किएको छ। सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालयको सिफारिश र प्रक्रिया पूरा गर्दै स्थानीय तहबाट पेश गरिएका सो प्रतिवेदन पछिल्लो समय मन्त्रालयले स्वीकृत गर्ने अधिकार पाएकोले अब चाँडै नै स्वीकृत हुने मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका वन अधिकृत सत्यनारायण महासेठले बताए।

वन अधिकृत महासेठ, डिवका बाराका वन अधिकृत वीरेन्द्र यादवसहितको टोलीले हिजो निजगढ र कोल्हवी नपाका बकैया, धन्सारलगायतका खोलाहरूको स्थलगत निरीक्षण गरेको निजगढ नपाका सबइन्जिनीयर नवीन खनालले बताए।

वन तथा वातावरण मन्त्रालय मधेस प्रदेशले नदीजन्य पदार्थको वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगर्दा स्थानीय तहलाई खोला ठेक्कामा लगाउने कानूनी बाटो नखुलेको निजगढ र कोल्हवी नपाका अधिकृतहरू बताउँछन्।

ठेक्का लगाइसक्नुपर्ने समयमा वातावरणीय परीक्षण प्रतिवेदन मन्त्रालयमा थन्किंदा यस वर्ष पनि खोला पुसको दोस्रो सातासम्म वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भई स्थानीय तहमा आए पनि टेन्डर आह्वान गर्न पहिलोपटक ३० दिन समयावधि दिनुपर्ने हुन्छ। पहिलोपटक टेन्डर नलागे दोस्रोपटकको लागि १५ दिन र त्यो पनि नलागे तेस्रोपटकको लागि सात दिन टेन्डर आह्वान गर्न समयावधि चाहिन्छ।

अहिलेको आर्थिक मन्दीलाई हेर्दा खोलाको करोडौं रकमको ठेक्का एकमुस्ट सहजै लाग्न सक्ने देखिंदैन। अर्कोतर्फ नौ महीना अर्थात् २७० दिनमा उत्खनन, सङ्कलन, ओसारपोसार गर्नुपर्ने नदीजन्य पदार्थ पाँच महीना अर्थात् १५० दिनमा गर्नुपर्ने हुन्छ। जुन स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदनविपरीत हुनेछ।

एउटा खोलाबाट एक दिनमा १० हजार ५८४ घनफिट वा १० चक्के टिपरले बढीमा २८ टिपरभन्दा बढी नदीजन्य पदार्थ ढुवानी गर्न, सूर्योदयदेखि सूर्यास्त नहुन्जेलसम्म उत्खनन, ढुवानी गर्न पाइने वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख छ।

स्थानीय तहले प्रत्येक वर्ष नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती लगाए पनि ठेकेदारले गरिरहेका उत्खनन कार्यलाई स्थानीय तह, जिल्ला समन्वय समिति बारा, प्रहरी प्रशासनले निगरानी, अनुगमन गरेको पाइँदैन। जसले गर्दा ठेक्का सम्झौतामा तोकिएभन्दा २०औं गुणा बढी ठेकेदारले जथाभावी खोला खन्दै नदीजन्य पदार्थ उत्खनन, दोहन गर्ने गरेका छन्।

गत वर्ष निजगढको खोला ठेक्का लाग्न नसक्दा यहाँका पाँच सयभन्दा बढी ट्याक्टर व्यवसायी, ६० भन्दा बढी टिपर व्यवसायी र १२ सयभन्दा बढी मजदूर मर्कामा पर्दै आएका निजगढ ट्याक्टर व्यवसायी समूहका अध्यक्ष चेतनाथ न्यौपानेले बताए। यस वर्ष पनि नलाग्ने हो भने, अधिकांश ट्याक्टर व्यवसायी सडकमा आउने उनले बताए।

एक वर्षदेखि ट्याक्टर घरआँगनमा थन्किएका छन्। बैंकको ब्याज तिर्न सकेका छैनौं, निजगढ ट्याक्टर व्यवसायी समूहका उपाध्यक्ष वसन्त लामा र सचिव दीपेन्द्र श्रेष्ठले दुःखेसो पोखे।

**विचारसार र सूक्तिहरू**

**सपना फलीभूत हुनका लागि प्रयत्न गर्नैपर्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# माछामा आत्मनिर्भर

**पर्सा जिल्ला माछामा आत्मनिर्भर बनिसकेको छ । कुनै बखत यो जिल्ला माछामा परनिर्भर थियो । छिमेकी बारा जिल्लाबाट स्थानीय माछा र भारतको आन्ध्र प्रदेशबाट तीन/चार दिनको अन्तरालमा आउने माछाले यहाँको बजार धानेको थियो । अहिले पनि भारतको आन्ध्र प्रदेशबाट आउने ठूला आकारको माछाको बजार यथावत् छ, तर ठूला आकारका माछा विवाह, उत्सवहरूमा गरिने पार्टीहरूमा मात्र सीमित भएको छ । स्थानीय माछा बारा जिल्लाका बोधवन र सिम्रौनगढबाट आउँथ्यो । अहिले भने त्यो अवस्था छैन, पर्सा जिल्लामैं स्थानीय माछाको उत्पादन बढ्दो छ । यो जिल्ला आत्मनिर्भर मात्र भएको छैन, अन्य जिल्लामा निर्यात पनि गर्दैछ । चितवन, पोखरा, सङ्घीय राजधानी काठमाडौंलगायत छिमेकी भारतका सीमावर्ती क्षेत्रमा पनि पर्सा जिल्लाका माछाको बजार विस्तार भएको छ । कृषि ज्ञान केन्द्र, पर्साका अनुसार पर्सा जिल्लामा वार्षिक आन्तरिक खपत प्रतिव्यक्ति साढे तीन किलो रहेको छ ।**

**यो जिल्लामा अहिले करीब दुई हजार बिघा जग्गामा माछापालन भइरहेको छ । रहु, बिग हेड, भकुरा, सिल्वर क्राप, इजरायललगायत जातका माछाहरूको माग र खपत अनुसार उत्पादन भइरहेको छ । केही वर्षअघिसम्म जिल्लाका शौकिनहरूले मात्र पोखरी खनेर माछापालन गर्थे । अहिले यो व्यवसायको रूपमा फस्टाएको छ । वीरगंज चिनी कारखाना सञ्चालन हुँदा उखुखेती बढी हुन्थ्यो । अहिले अन्य कृषि कार्यभन्दा माछापालनमा मनग्य आम्दानी भइरहेकोले किसानहरूको पहिलो रोजाइ माछापालन भएको छ । थोरै लगानीमा बढी आम्दानी हुने भएपछि बर्सेनि माछापालन व्यवसायले गति लिएको छ । पर्सा जिल्लामा सबैभन्दा बढी छिपहरमाई गाउँपालिकामा माछापालन हुन्थ्यो । त्यसपछि महुवन । अहिले १४ वटै पालिकामा माछापालन व्यवसाय फस्टाएको छ । माछापालन गर्ने किसानलाई सरकारी अनुदान पनि छ । स्थानीय सरकार गठन भएपछि अनुदान सहयोगमा किसानहरूको पहुँच बढेको छ । पर्सा जिल्लाको गण्डक नहरदेखि उत्तरतर्फको थारुवान क्षेत्रमा सिंचाइको पर्याप्त व्यवस्था छ, त्यहाँ धान, गहुँ, मकै, सुर्ती, दलहन, तेलहन खेतीका लागि मल र बीउबिजनबाहेकको समस्या छैन । यस क्षेत्रमा तीन बाली हुने हुँदा माछापालनतर्फ किसानहरूले त्यत्तिको रुचि देखाएका छैनन् । तर आकाशे सिंचाइको आसमा धान, गहुँ, दलहन, तेलहन बालीको खेती गर्दै आएका गण्डक नहरदेखि दक्षिण बझियानका किसानहरू भने परम्परागत खेतीबाट विस्थापित हुँदै माछापालनतर्फ आकर्षित भएका छन् । अनुदान सहयोगमा पोखरी खनेर सोको तीन महीनामा माछा तयार गरी बजारमा बिक्री गरेर नगद कमाउने सरल र सहज उपायको रूपमा किसानहरूले माछापालनलाई लिएका छन् ।**

**माछापालन व्यवसाय फस्टाएसँगै जिल्लाबाहिरबाट माछाको भुरा खरीद गरेर ल्याउनुपर्ने झन्झट पनि अहिले हटेको छ । माछापालन व्यवसाय फस्टाएको कारण माछाको ह्याचरी पनि जिल्लामा एकपछि अर्को खुलिरहेका छन् । अहिले पर्सामा १० वटा ह्याचरी खुलिसकेका छन् । माछामा मात्र होइन पर्सा जिल्ला भुरामा पनि आत्मनिर्भर बनिसकेको छ । सरकारले किसानमैत्री योजना ल्याउने घोषणा गर्दै आएको छ । पर्सा जिल्ला माछा उत्पादनमा आत्मनिर्भर भएजस्तै अन्य कृषि कर्ममा अनुदान सहयोग सहजरूपमा [redacted]मा देश परनिर्भर हुनुपर्दैन ।**

# स्वस्थ हुनुको रहस्य

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला (Phd)
rajendrakoirala20@gmail.com

**हाम्रो जीवन भनेको पवित्रता, अनुशासन, त्याग र आनन्दको प्रतिविम्ब हो । मान्छे यिनै गुणमा रहनु नै स्वस्थ रहनु हो । त्यसैले, हामीले यति महत्त्वपूर्ण जीवनलाई स्वस्थ भएर सार्थक बनाउने प्रयास गरौं । राम्रो स्वास्थ्य भनेको रोग र रोगी हुनबाट मुक्त हुनु हो ।**

स्वास्थ्य भनेको के हो ? धेरै विद्वान् चिकित्सक, स्वास्थ्य चिकित्सक, स्वास्थ्य आविष्कारक, स्वास्थ्य पत्रकार र महान् विचारकहरूले यस प्रश्नमा प्रकाश पार्ने प्रयास गरेका छन् । सबैको एउटै निष्कर्ष छ–राम्रो जीवनको लागि स्वास्थ्य र जीवनमा सफलता प्राप्त गर्न स्वस्थ शरीर चाहिन्छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार स्वास्थ्य भनेको शारीरिक, भावनात्मक, मानसिक अवस्था सम्पूर्णरूपले ठीक हुनु हो ।"

शारीरिक स्वास्थ्य समग्र स्वास्थ्यको अनिवार्य अङ्ग हो । व्यक्ति, जसमा शारीरिक तन्दुरूस्तीदेखि सबै कुरा समावेश हुन्छ । स्वास्थ्यका अन्य आयाम भन्नाले सामाजिक, आध्यात्मिक, भावनात्मक, बौद्धिक, व्यावसायिक, वातावरणीय र मानसिक तन्दुरूस्ती ।

'शरीर माद्यं खलु धर्म साधनम्' अर्थात् शरीर नै वास्तविक धर्मको साधन हो । शरीरविना हामी कुनै काम गर्न सक्दैनौं । संसारका सम्पूर्ण काम यही शरीरद्वारा सम्पन्न हुन्छ । शरीर छ र नै हाम्रो जीवन छ, अन्यथा न हामी रहने छौं, न हाम्रो जीवन नै रहने छ । हाम्रो शरीर जति स्वस्थ रहन्छ, त्यति नै हाम्रा व्यवहारहरू स्वस्थ रहन्छन् । स्वस्थ शरीरबाट मात्रै स्वस्थ समाज र संसारको निर्माण सम्भव छ । अस्वस्थहरूबाट कुनै पनि काम सम्पन्न हुन सक्दैन । जो व्यक्ति आफैं रुग्ण छ, अस्वस्थ र अस्थिर छ उसले स्वस्थ, निरोग र स्थिर समाजको निर्माणमा कहिल्यै योगदान गर्न सक्दैन । हाम्रो प्राचीन समाजका आचार्यहरू, त्यसैले स्वस्थ जीवनका लागि सदैव सचेत रहन्थे र तदनुकूल जीवनयापनका लागि योग, ध्यान र खानपानमा विशेष सतर्क देखिन्थे ।

'स्वस्थ' शब्दको अर्थ 'स्वयंमा रहनु' हो । 'स्व' को अर्थ स्वयं वा आफू हो भने 'स्थ' शब्दको अर्थ रहनु हो । यसरी हेर्दा जो व्यक्ति स्वयंमा रहन्छ उसलाई नै स्वस्थ मान्न सकिन्छ । अब आफैंमा रहनु भनेको के त ? स्वयंमा रहनु भनेको आफ्नो अस्तित्वमा रहनु भनेको हो । मान्छेको आफ्नै अस्तित्व र मूल्य छ । हाम्रो जीवनका आफ्नै परिचय र पहिचानहरू छन् । हरेक व्यक्ति स्वयंमा अत्यन्त मौलिक र पवित्र छ । यही आफूमा भएको खुबी, मौलिकता, पवित्रता र प्रेमको अस्तित्वमा रहनु भनेको नै स्वस्थ रहनु हो भनेर हाम्रा पूर्वजहरूले बताएका छन् ।

'स्व' शब्दभित्र धेरै कुराहरू पर्दछन् । खासगरी हामीलाई चिनाउने हाम्रा पहिचानहरू नै 'स्व' हुन् । हामी हुनु भनेको हाम्रो धर्म हुनु हो, हाम्रो भूगोल हुनु हो, हाम्रा मूल्य र मान्यताहरू हुनु हो । यिनै 'स्व'हरूमा नरहनु भनेकै स्वस्थ हुनु हो । जब हामी अस्वस्थ हुन्छौं त्यसपछि हाम्रो अधोपतनको यात्रा आरम्भ हुन्छ । जीवन बोझ र तनावको केन्द्र बन्दछ ।

स्वास्थ्य शब्दले दिने पहिलो अर्थ हामी हाम्रो शरीरको गुण, प्रकृति र धर्ममा रहनु भन्ने हुन्छ । हाम्रो शरीर हामी जहाँ छौं त्यहींको माटो, पानी, हावा, चालचलन र रहनसहनले बनेको हुन्छ । हाम्रो भोजन, विश्राम, चिन्तन, श्रम आदि सबैको आफ्नै मौलिक पद्धति छ । हाम्रो यही मौलिक पद्धति कायम राख्ने र आफू पनि यही पद्धतिमा कायम रहने व्यवस्थालाई हामीले 'स्वास्थ्य' शब्दको अर्थ भनेर बुझ्नुपर्ने हुन्छ ।

स्वस्थ हुनुको अर्थ धार्मिक हुनु पनि हो । धर्म मान्ने वा धर्मलाई जीवनमा आत्मसात् गर्ने व्यक्तिलाई धार्मिक भनिन्छ । पानीको धर्म शीतलता हो, खुर्सानीको धर्म पिरो हो । पानीले जुन दिन आफ्नो चिसोपन छोडिदिन्छ, त्यस दिन ऊ अधार्मिक हुन्छ । पिरोपन छोडेको दिन खुर्सानी पनि खुर्सानी रहँदैन । पिरोपन हुन्जेल खुर्सानी स्वस्थ हुन्छ र धार्मिक पनि हुन्छ । पिरो धर्मलाई कायम राखेको हुनाले धार्मिक र त्यही पिरोपनमा कायम रहेका हुनाले स्वस्थ पनि ।

धर्म नमान्नेहरू सबै रोगी हुन्छन् । धर्म शब्दको अर्थलाई पूजापाठ र कर्मकाण्डको सङ्कीर्णताभित्र कैद गरेर राखेका छौं हामीले । धर्म भनेको विशाल हुन्छ । आफ्नो पहिचानमा बस्न नसक्ने व्यक्ति के रोगी होइन ? पानी माछाको पहिचान हो । उसको जीवन भन्नु नै पानी हो । पानीबाट बाहिर निस्केपछि के माछो जीवित रहन सक्छ ? अवश्य सक्दैन । हरेक मानिसको, देशको, समाजको र परिवेशको निश्चित धर्म हुन्छ । सबैको धर्म एउटै हुँदैन । पिरोपन खुर्सानीको मात्र धर्म हो । यो पिरो धर्म मान्छु भनेर पानी, आलु, टमाटर, पिंडालु आदिले भने के होला ? खुर्सानीको पिरोपनसँग पोइल गएका दिन आलु, टमाटर र पिंडालुको जीवन निरर्थक बन्न पुग्छ ।

जसले आफ्नो मूल्य छोड्दछ, आफ्नो अस्तित्व छोड्दछ त्यो व्यक्ति कहिल्यै प्रसन्न हुँदैन, कहिल्यै सन्तुलित र सुखी हुँदैन । यसैले स्वस्थ शब्दले आफ्नोपन, पहिचान र परिचयमा स्थिर रहेर प्रसन्न रहने मानिस भन्ने बुझाउँछ । धर्म शब्दको पनि अर्थ यही नै हो । हाम्रा आफ्नै मूल्य छन्, केवल हाम्रा लागि, प्रकृतिले व्यवस्था गरेको । हाम्रा आफ्नै पहिचान छन्, सृष्टिको आदिकालदेखि नै उपलब्ध । हामी तिनै उपलब्धिहरूमा कायम रहनु भनेकै धार्मिक बन्नु हो । यसरी, धर्म र स्वास्थ्य समानार्थी हुन् भने स्वस्थ र धार्मिक समानार्थी हुन् ।

सगरमाथाजत्तिकै वा त्योभन्दा पनि पुरानो छ, हिन्दू धर्म । बुद्ध, जनक, सीता र भृकुटीभन्दा धेरै पुरानो छ, हाम्रो हिन्दू धर्म । आज हामी यहीं धर्मनिरपेक्ष भएका छौं । हाम्रो देशको नसा–नसामा जुन धर्मको रगत बगेको छ, हाम्रो देशको अङ्ग–अङ्ग जुन धर्मको रगतले बनेका छन् त्यही धर्मलाई छोडेर हामी निरपेक्ष हुने तयारी गरिरहेका छौं । यही नै हामी अस्वस्थ हुनु हो, रुग्ण हुनु हो ।

'न स्वस्थ इति अस्वस्थ' अर्थात् जो स्वयंमा रहँदैन ऊ अस्वस्थ हो । स्वयंमा नरहनुको अर्थ मान्छे मानवीय स्वभाव, धर्म, गुण, गरिमा र मूल्यबाट च्युत हुनु हो । मान्छे जन्मैले पवित्र हुन्छ, आनन्दित हुन्छ । हरेक व्यक्तिले जन्मना साथ शोक, पिर, चिन्ता, दुःख, रोग आदि एकैपटक बोकेर आएको हुँदैन । ऊ खाली जन्मेको हुन्छ । पवित्र र निर्मल जन्मेको हुन्छ । यद्यपि, आजका बालबालिका अस्वस्थ र रुग्ण बाबुआमाका सन्तानका रूपमा गर्भबाट नै विभिन्न रोगहरू बोकेर जन्मन थालेका छन्, तापनि तुलनात्मकरूपमा केटाकेटीहरू वयस्क र प्रौढभन्दा स्वस्थ, पवित्र र निर्मल हुन्छन् ।

'स्वास्थ नै धन हो' भनेर त्यसै भनिएको होइन । आफ्नोपनमा रहने बानी नै धन हो । आफ्नोपनबाट गिर्नु, आफ्नो अनुशासनबाट भाग्नु र अनियमिततामा जिउने प्रयत्न गर्नु अस्वस्थ हुनु हो । स्वास्थ्य भनेको मनुष्य आफ्नो वास्तविक शारीरिक र मानसिक स्वभावमा रहने बानीको नाम हो ।

रुग्णताको सबैभन्दा पहिलो कारण आफ्नो शक्ति, स्वभाव, क्षमता, शैली र परिवेशबाट टाढा भाग्नु हो । आज अधिकांश मानिस रोगी छन् र उनीहरूको रोगको मूल कारण पनि यही नै हो । हाम्रो शरीर र मस्तिष्कको आफ्नै अनुशासन छ । जहिलेसम्म हामी शरीर र मनको यो अनुशासनलाई जीवनमा अवलम्बन गरिहन्छौं, त्यस अवस्थासम्म हामी स्वस्थ रहन्छौं र हाम्रो जीवन सुखमय रहन्छ । जुन दिनदेखि हामी शारीरिक र मानसिक अनुशासनको उपेक्षा गरी अराजक जीवनशैली अँगाल्छौं, त्यस दिनदेखि हाम्रो अस्वस्थताको यात्रा आरम्भ हुन्छ ।

स्वास्थ नै सम्पूर्ण खुशी र आनन्दको एक मात्र स्रोत भएको कुरा हामीले थाहा पाइसक्यौं । किनभने जो आफूमा रहन्छ, आफ्नोपनमा रहन्छ उसले नै सुख पाउँछ । तर आज यस्तो हुन सकिरहेको छैन । हाम्रो व्यक्तिगत एवं सामाजिक दुवै जीवन अस्वस्थ छन् । हाम्रो देश पनि अस्वस्थ छ, किनभने यस देशको राजनैतिक तहमा क्रियाशील कुनै पनि नेताले यहाँको माटो, हावा, पानी, वनजङ्गल र खोलानालालाई ध्यान दिएन । यहींको मौलिकतामा आधारित दर्शन, मूल्य र राजनैतिक संस्कारभन्दा उत्तर र दक्षिणतिरबाट आयातित राजनैतिक संस्कार र व्यवहारमा जोड दिइएको छ ।

क्यान्सर, एड्स, बर्डफ्लु, म्यानेन्जाइटिसलगायत रोगहरू आयातित जीवनशैलीका परिणाम हुन् । नेपाली मौलिकतामा बाँच्न सकेको भए हामी कोही यी रोगहरूका सिकार हुने थिएनौं । हाम्रो जीवनशैलीले भन्छ– दैनिक स्नान गर । मलमूत्रको नियमित विसर्जनका लागि सुपाच्य र सात्विक भोजनमा जोड देऊ, शरीर र मस्तिष्कमा उत्तेजना बढाउने पिरो, अमिलो, बढी मसला, मादक पदार्थ सेवन नगर । चुरोट, बिंडी, सुर्ती, रक्सी भुलेर पनि ग्रहण नगर । पानी प्रशस्त पिउने गर । नियमित योग, ध्यान, आसन, प्राणायाममा समय खर्च गर । ईश्वरप्रति आस्थावान् बन र प्रतिपल सबै प्रकारका सांसारिक भय, त्रास र तनावबाट मुक्त रहने प्रयास गर ।

**अन्त्यमा,**

हाम्रो जीवन भनेको पवित्रता, अनुशासन, त्याग र आनन्दको प्रतिविम्ब हो । मान्छे यिनै गुणमा रहनु नै स्वस्थ रहनु हो । त्यसैले, हामीले यति महत्त्वपूर्ण जीवनलाई स्वस्थ भएर सार्थक बनाउने प्रयास गरौं । राम्रो स्वास्थ्य भनेको रोग र रोगी हुनबाट मुक्त हुनु हो । यो हाम्रो लागि उद्देश्यपूर्ण जीवन जिउनको लागि प्रकृतिको महँगो उपहार हो । साथै, राम्रो स्वास्थ्य भनेको हामीले थकित नभई आफ्नो क्षमताभन्दा बढी काम गर्न सक्नु पनि हो ।

# राष्ट्रिय कृषि गणना २०७८ : सुदूरपश्चिम प्रदेशस्तरीय नतिजा सार्वजनिक

गोदावरी (कैलाली), ६ पुस/रासस

राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय कृषि गणना, २०७८ को सुदूरपश्चिम प्रदेशस्तरीय नतीजा सार्वजनिक गरेको छ ।

धनगढीमा शुक्रवार आयोजित नतीजा सार्वजनिक कार्यक्रममा कृषि गणना, २०७८ अनुसार सुदूरपश्चिममा चार लाख ५७ हजार ७५६ किसान परिवारले एक लाख ९२ हजार ८८५ हेक्टरमा कृषिकार्य गरेको जानकारी दिइएको छ ।

नेपालमा कुल सिञ्चित क्षेत्रफल ५४ दशमलव पाँच प्रतिशत देखिएकामा सुदूरपश्चिममा ६० प्रतिशत सिंचाइ सुविधा उपलब्ध भएको जनाइएको छ । नेपालमा सिंचाइ सुविधा लिएका परिवार ७० प्रतिशत देखिएकामा सुदूरपश्चिममा ७६ प्रतिशत परिवारले सो सुविधा पाएको राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक बद्रीकुमार कार्कीले बताए ।

सुदूरपश्चिममा धान एक लाख आठ हजार आठ सय, मकै २३ हजार ७३ र गहुँ एक लाख चार हजार ५७३ हेक्टर क्षेत्रफलमा गरिंदै आएको तथ्याङ्कमा उल्लेख गरिएको छ । यस्तै, सुदूरपश्चिममा आँप तीन सय, केरा ७०५, सुन्तला ३९३, कागती १८१ र स्याउ १३९ हेक्टरमा गरिएको जनाइएको छ ।

सार्वजनिक तथ्याङ्क अनुसार पछिल्लो समयमा सुदूरपश्चिममा कृषि कार्यका लागि ट्याक्टर, पावर टिलर प्रयोग गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ भने कृषि ऋण लिने, कृषि बीमा गराउने र सरकारी अनुदान लिने किसानको सङ्ख्या न्यून रहेको छ ।

सुदूरपश्चिममा मुख्य कृषकमा पुरुष र महिलाको प्रतिशत क्रमशः ६१ दशमलव आठ र ३८ दशमलव दुई रहेको छ भने वर्षभरि खान पुग्ने बताउने किसानको प्रतिशत ४० दशमलव एक रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

उक्त सार्वजनिक कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका सचिव तोयम रायले कृषि क्षेत्रमा सुधार गर्ने योजना तर्जुमा गर्न राष्ट्रिय कृषि गणना, २०७८ को नतीजा फलदायी हुने बताए ।

उनले कृषि क्षेत्रमा लगानी गरेर उत्पादन बढाउनेतर्फ लाग्नुपर्ने बताए ।

नतीजा सार्वजनिक कार्यक्रममा विगतको गणनाभन्दा यस गणनामा सबैभन्दा बढी क्षेत्रफलमा तरकारी बढेको देखिएको जानकारी दिइएको छ ।

# चीसोबाट बच्न सतर्कता अपनाउन महाशाखाको अनुरोध

काठमाडौं, ६ पुस/रासस

देशभरको तापक्रम घट्नेक्रममा रहेकाले चीसोबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका अनुसार काठमाडौं उपत्यकासहित देशभरको तापक्रम घटेर चीसो बढेको छ ।

आज काठमाडौंको न्यूनतम तापक्रम चार दशमलव पाँच र अधिकतम तापक्रम १९ डिग्री सेल्सियस रहेको छ । पछिल्लो तीन/चार दिनयता काठमाडौंको न्यूनतम तापक्रम चारदेखि पाँच र अधिकतम तापक्रम १७ देखि १९ डिग्री सेल्सियसको हाराहारी रहेको छ । तापक्रम घटेकाले काठमाडौंमा अत्यधिक चीसो बढेको छ । दिउँसो घाम लागे पनि बिहान र बेलुका बढी जाडो महसूस गरिएको छ ।

सबैभन्दा कम जुम्लामा माइनस दुई दशमलव आठ र जोमसोममा माइनस तीन दशमलव पाँच तापक्रम मापन गरिएको महाशाखाले उल्लेख गरेको छ । हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीका कारण अहिले आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३७ | २०८० पुस ०७ गते शनिवार | 2023 December 23 Saturday



# जहाँका मानिस अखबार पढ्छ/पढ्दैन


संस्मरण




सञ्जय मित्र

mitrasanjay41@gmail.com


अखबारलाई हामीकहाँ सजिलो गरी पत्रिका वा पत्रपत्रिका भन्ने गरिन्छ। अखबार पनि चलनचल्तीमा रहेकै शब्द हो। यो हरेक दिन छापिन्छ र पाठकले किनेर पढ्छ वा पुस्तकालय, वाचनालय आदिमा पुगेर त्यहाँको नियम अनुसार पढ्छ। अधिकांश पुस्तकालय तथा वाचनालयमा पत्रपत्रिका सबैका लागि निश्शुल्क हुन्छ, त्यही बसेर पढ्न।

भारतका विभिन्न शहरमा पुग्दा त्यहाँ मानिसलाई अखबार पढ्ने बानी परेको देखिन्छ। नेपालमा पनि शहरी क्षेत्रमा अखबार पढ्ने बानी बाक्लै रहेको छ। यसैले शहरी क्षेत्रमा अखबारहरू प्रकाशन भइरहेका हुन्छन्। हरेकजसो शहरमा एकभन्दा बढी अखबार प्रकाशित भइरहन्छन्। सञ्चारका अन्य माध्यमहरू



तस्वीरः लेखक

रेडियो, टेलिभिजन, अनलाइन आदि पनि शहरमैं बढी सङ्ख्यामा हुन्छन्। शहरमा समाचारको उत्पादन मात्र होइन, उपभोग पनि बढी हुने गरेको छ। यद्यपि भारतका शहरहरूभन्दा नेपालका शहरमा अखबारको पठन कम रहेको छ। अझ मधेस प्रदेशमा त झन् कम रहेको छ।

मधेस प्रदेशको साक्षरता कम छ र गरीबी बढी छ। यो एकदमै सही कुरो हो तर शिक्षित र सम्पन्न वर्गले पनि अखबार पढ्न आफूलाई अभ्यस्त तुल्याउन सकेको छैन। सिमाना जोडिएका छिमेकी भारतीय शहरहरू, साना बजार तथा चोकहरूमा पनि जसरी अखबार पढिरहेका हुन्छन्, त्यसरी हामीकहाँ भने विरलै भेटिन्छन्। भारतीय बजारका पसलहरूमा कम्तीमा कुनै एक अखबार अवश्य राखिएको हुन्छ, जहाँ ग्राहक सामान किन्न पुग्दा अलिकति पत्रिका हेरेर अल्झिन्छ वा आफ्नो पालो नआउँदासम्म पत्रिका पढ्छ। वा कोही ग्राहक नहुँदा खाली समयमा पसले पान चबाउँदै वा चियाको चुस्की लिंदै अखबारमा नजर लगाएको हुन्छ। अखबार पढ्ने रोग केवल ज्ञानीलाई मात्र हुन्छ। जो अज्ञानी छ, उसलाई झन् अज्ञानतातिर धकेल्न सहयोग गर्ने उसको अध्ययन नगर्ने बानी पनि हो।

मधेस प्रदेशको प्रसङ्गलाई यही रोकेर अब भारतको मध्य प्रदेशतिर जाऔं। मध्य प्रदेशको प्रसिद्ध धार्मिक शहर उज्जैन जहाँ महाकालको मन्दिर छ। गत वर्ष प्रधानमन्त्री पुष्पकमल दाहालले पनि दर्शन गरेका छन्। सम्भवतः गत वर्ष नै मन्दिर परिसरको उद्घाटन भएको छ। त्यस शहरमा हामीले पनि साउनमा टेक्ने र महाकाल महादेवको दर्शन गर्ने अवसर प्राप्त गर्‍यौं।

शहरसित जोडिएका विभिन्न सन्दर्भहरू छन्। अहिले भने अखबारसित जोडिन्छ। गत २ अगस्त २०२३ (१७ साउन २०८०) का दिन बिहान करीब नौ बजेतिर महाकालको दर्शन गरेर होटलतिर फर्किरहेका थियौं। हल्का पानी परेको थियो तर जीउ भिजेको थिएन। बाटोमा पानी जमेको थिएन तर भिजेको थियो। हामी सबैजना कैयौं दिनदेखि नाङ्गो खुट्टा थियौं। यस वर्षको बाबाधाम यात्रापछि सोझै उज्जैन नै गन्तव्य निर्धारण गरिएको थियो। स्कारपिओ गाडीले वा सडकमार्गले सबैभन्दा लामो यात्रा अहिलेसम्मको यही हो। मूल तीर्थस्थलहरू जहाँ दर्शन गर्नको लागि पहिले नै निर्धारित थिए, सकिएको छ। कतै वर्षा त कतै आगोजस्तै पोल्ने घामले तातेको कालोपत्र। टेक्न सजिलो भइरहेको थिएन भुइँमा। सबैको समूहगत निष्कर्ष नै रह्यो। यसपटक चप्पल नकिनी भएको छैन। यात्रामा रहेका थियौं– मध्य रौतहट बहुमुखी क्याम्पस गरुडाका क्याम्पस प्रमुख प्रेमलाल साह, नमूना मावि गरुडाका प्रधानाध्यापक प्रभु राउत, शङ्कर गुदर मावि समनपुरका प्रअ देवेन्द्र साह, कटहरिया नगरपालिकाको शिक्षा शाखा संयोजक अनिलकुमार निधि तथा शिक्षक साथीहरू मदनप्रसाद साह, मनोजकुमार यादव र म। तीनजनाले चप्पल किनिसकेका छन्। हल्का परिरहेको पानी छल्न र चप्पल किन्न एउटा पसलमा अडिन्छौं। त्यहाँ पसलमा अरू पनि ग्राहक हुन्छन्। धेरै ग्राहकलाई धान्न एक्लो पसले अलिक सकिरहेका हुँदैनन्। छेवैमा एकजना आरामले अखबार पढिरहेका छन्।

कपाल फुलिसकेको अनुहारमा चाउरी पनि परिरहेको ८७ वर्षका मानिसको हातमा अखबार छ। नजर गढाएर अखबार पढिरहेका छन्। तिनको आँखामाथि चश्मा छैन। अखबारको नाम छ– दैनिक अवन्तिका। हिन्दी भाषामा। अखबार पढिरहेको देखेर हेड सर प्रभु पटेल उत्सुक बन्नुहुन्छ र प्रश्न गर्नुहुन्छ। हेड सरको उत्सुकतामा म पनि सामेल हुन पुग्छु। सेवानिवृत्त जीवन बिताइरहेका ती वृद्धमा रहेको उत्साह र विगतमा आफूले गरेको सरकारी सेवाको गर्वले छाती फुलेको छ। गर्वोक्ति छ तिनमा। सेनाबाट सेवानिवृत्त भएको आफू बडो गर्वपूर्वक बताउँछन्। अखबार पढेर दैनिक आफूलाई देश र दुनियाँसित अद्यावधिक बनाउँछन्। यो धेरै महत्त्वपूर्ण कुरा हो। आफ्नो समयको व्यवस्थापन गर्न तथा आफूलाई आफ्नो अवस्था अनुसार तथा रुचिको आधारमा अखबार पढ्नु धेरै राम्रो कुरो हो। यस उमेरमा पनि आफ्नो स्मृतिलाई बचाइराख्न, ताज बनाउन तथा आफ्नो स्वास्थ्य र चुनौतीलाई समाधान गर्न अखबार पढ्छन्। साँच्चीकै उनका कुराहरू घतलाग्दा छन्। विश्वसनीय छन्। उमेरले पाको मात्र नभई अनुभवले खारिएका मानिसलाई यदि दैनिक अखबार पढ्ने आदत छ भने साँच्चीकै सोचेको भन्दा विशिष्ट तरीकाले जीवनयापन गरिरहेका हुन्छन्, अनुभवलाई समेटेका हुन्छन्। सुखी बनाएका हुन्छन्, सन्तुष्ट पारेका हुन्छन्। कतिपयमा धेरै किसिमका अम्मलहरू हुन्छन् तर कतिपयमा अखबार पढ्ने अम्मल हुन्छ। अम्मललाई कसैले यदि खराब अर्थमा लिन्छन् भने सबैभन्दा असल वा अब्बल अम्मल अखबार पढ्ने हुनुपर्छ। मध्य प्रदेशमा मात्र होइन, उत्तर प्रदेश, बिहार, झारखण्ड, उडिसा, तमिलनाडु, पश्चिम बङ्गाल, असम आदि प्रदेशहरूमा पुग्दा पनि त्यहाँका शहरी क्षेत्रका मानिसमा अखबार पढ्ने बानी देखिन्छ। सानातिना बजारमा कहिलेकाहीं रात कटाउनुपर्दा एकाबिहानै अखबार मानिसको हातहातमा पुगिसकेको देखिन्छ। हातहातमा अखबार हुँदा उमेरले पत्याउनै नसक्ने वृद्धहरूले पनि पढिरहेका हुन्छन्। पश्चिम बिहारको एउटा बजारमा पनि यस्तै ९० को करीबमा पुगेका वृद्धसित संवाद भएको थियो। तिनको हातमा अखबार थियो र घाम ताप्दै अखबारमा गढिएका थिए मोटो चश्मा लगाएर। जीउमा मासु निकै कम भइसकेको थियो तर समाज तथा संस्कृतिको बारेमा निकै गहिरो ज्ञान राखेका थिए। तिनले बताएका थिए– अझै पनि अखबारमा समाज र संस्कृति तथा धर्मसित जोडिएका हरेक सामग्री म हरेक दिन पढ्ने गर्छु। सम्भवतः अखबारले बुढ्यौलीलाई अझ सजिलो बनाउँछ। यसको लागि युवावस्थादेखि नै अलिक बढी रुचि लिनुपर्छ। एकैचोटि बूढो भइसकेपछि कसैले अखबार पढ्ने बानी बसाल्न सक्दैन। अहिलेका युवा तथा प्रौढहरूले आफ्नो दैनिक अखबार पढ्न चाहिं अभ्यस्त हुनु जरुरी छ। पत्रपत्रिकामा गएको पैसा चाहिं खर्च होइन जस्तो मानौं। पत्रपत्रिकाले खर्चभन्दा धेरै थोक दिने रहेछ भन्ने पनि बुझौं। शरीर, स्वास्थ्य, ज्ञान, मनोरञ्जन त सामान्य कुराहरू भए। यी कुराहरूभन्दा महत्त्वपूर्ण कुरा हुन्, मनोविज्ञान वा मानसिकता। तनाव व्यवस्थापनमा अखबार एउटा बलियो र भरपर्दो साथी हुन सक्छ। अझ जब बूढो भइसकेर फुर्सदको कारण अरू मानिसहरू आफूनजीक आउन किचकिच गर्छन् तथा जब आफूलाई लाग्छ कि मलाई समय बिताउन धेरै गाह्रो भइसकेको छ, तब त्यस अवस्थामा पत्रपत्रिका पढ्ने बानीले समय बिताउन धेरै सहयोग पुर्‍याउने हुन्छ।

को अखबार पढ्छ ? को अखबार पढ्दैन ? यो प्रश्न होइन। अखबारलाई सम्भव भएसम्म साथी बनाउनु राम्रो हो। अझ सम्भव हुन्छ भने साहित्यिक पत्रपत्रिका तथा पुस्तकमा पनि आफूलाई अभ्यस्त बनाउन सक्यो भने सुनमा सुगन्ध हुन्छ।

# शैक्षिक माफियाको जगजगी तर सरकार बेखबर !


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


पुस जाडोयामका साथै धानबाली भित्र्याउने र हिउँदेबाली लगाउने महीना हो भन्ने कुरा सबैलाई थाहा छ। यद्यपि पुस एक अर्को कुराको लागि पनि यादगार थियो भन्ने कुरा तीन/चार दशकअघिका पुस्ताबाहेक नयाँ पुस्तालाई थाहा नहोला। त्यो के हो भने पुस महीना नयाँ शैक्षिक सत्र प्रारम्भ हुने महीना पनि थियो। मङ्सिरमा वार्षिक परीक्षा र पुसमा परीक्षफल प्रकाशनसँगै नयाँ शैक्षिक सत्र शुरू हुन्थ्यो।

मङ्सिरको अन्तिम साता वार्षिक परीक्षा सकेर केही दिन बिदा हुन्थ्यो। पुसको पहिलो हप्तामा परीक्षाको नतीजा प्रकाशित हुन्थ्यो। विद्यालयको चौरमा एकातर्फ टेबल, कुर्सी र बेन्च राखिन्थ्यो। त्यसमा प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा अभिभावक बस्थे। सोको अगाडि तीनतिरबाट चन्द्राकारमा छात्रछात्राहरू बस्थे। विद्यार्थीहरू परीक्षाफल जान्ने उद्वेगले ग्रस्त हुन्थे।

गुरुवरहरूमध्ये एकजनाले पालैपालो नतीजा सुनाउनुहुन्थ्यो। शिक्षकले विद्यार्थीको नाम र श्रेणी सुनाउने बित्तिकै तालीको ठूलो गड्गडाहट गुञ्जायमान हुन्थ्यो। विद्यार्थी मधुर मुस्कानसहित आफ्नो स्थानबाट उठ्ने, टेबलनजीक जाने, गुरुवर्गलाई ढोग्ने र प्रमाणपत्र ग्रहण गर्ने क्षण विद्यार्थीहरूका लागि अद्भुत परिदृश्य थियो। प्रथम, दोस्रो र तेस्रो श्रेणीमा दर्ज विद्यार्थीहरूलाई पुरस्कार स्वरूप कापी र कलम प्रदान गरिन्थ्यो। यसको अलावा सम्पूर्ण विद्यार्थीलाई अझ बढी परिश्रम गर्ने सन्देश प्रवाह गरिन्थ्यो।

कक्षा पाँचसम्म पढाइ हुने प्राथमिक विद्यालयहरू अपवादबाहेक प्रायःजसो गाउँहरूमा थिए। पर्सा जिल्लाका एकाध ठाउँमा निम्न माध्यमिक विद्यालय थियो। त्यसैगरी, वीरगंजबाहेक ग्रामीण भेगमा माध्यमिक विद्यालय पोखरिया, बहुअर्वाभाठा, पकाहा, भिस्वा, बगही, विजयबस्ती, ठोरीलगायत विभिन्न ठाउँमा थिए।

वीरगंजका नाम चलेका विभिन्न माध्यमिक विद्यालयहरूमा प्राविदेखि मावि तहसम्म अध्ययन हुन्थ्यो। यद्यपि ग्रामीण भेगमा यस्तो सुविधा हरेक ठाउँमा थिएन। गाउँको विद्यालयबाट प्रावि तह उत्तीर्ण भएपछि पायक पर्ने मावि तहमा भर्ना हुन्थे। विद्यार्थीहरू घण्टौं हिंडेर विद्यालय पुग्ने र फर्किने गर्थे। प्रावि तहका कक्षाहरू उक्लिंदा खुशी त हुन्थ्यो नै, प्राविबाट निमावि र निमाविबाट मावि तहमा जाँदा बिछट्टै आनन्दको अनुभूति हुन्थ्यो। नयाँ विद्यालय तथा नयाँ शिक्षकसँगै नयाँ परिवेश र नयाँ साथीहरूका साथसङ्गत पाउँदा अत्यन्तै हर्ष हुन्थ्यो। यद्यपि नयाँ परिवेशमा घुलमिल हुन केही महीना अवश्य लाग्थ्यो। प्रायःजसो विद्यालयहरूमा जाडोयाममा घाम ताप्दै चौरमा पढाइ हुन्थ्यो।

साँझपख विद्यालयबाट घर फर्के लगत्तै भोक मेटाउन घोनसारीमा भुटेको ताजा भुजा र आलु वा भन्टाको चोखाले उर्जावान् बनाइदिन्थ्यो। नयाँ ऊर्जाका साथ साथीहरूसँग खेल्न नजाने कुरै थिएन। यद्यपि गोधूलि नहुँदै घर फर्किनुको विकल्प थिएन। ढिलो भयो भने गालीसँगै अभिभावकको चुटाइमा पर्ने सम्भावना प्रबल हुन्थ्यो।

पुराना कपडाका टुक्राहरूले बनाइएको फूटबल/भलिबल खेल्दै कतिपय बालबालिका राष्ट्रियस्तरका खेलाडीसमेत भए। उमेर अनुसार लालाबालाहरूको आआफ्नो समूह हुन्थ्यो। विद्यालयको चौरमा प्रायःजसो माथिल्लो कक्षाका विद्यार्थीहरू फूटबल वा भलिबल खेल्थे। ससाना बालबालिकाहरू खलिहान/पर्ती र सबैभन्दा कनिष्ट समूहहरूका लागि खेत नै उपयुक्त खेलमैदान थियो।

माध्यमिक तह पूरा गरेपछि अपवादबाहेक वीरगंजको ठाकुर राम बहुमुखी क्याम्पस नै एकमात्र विकल्प थियो। आर्थिक हैसियत भएका अभिभावकका छोराछोरीहरू मात्र वीरगंजबाहेक अन्यत्र पढ्न जान्थे। झन्डै अढाई दशकअघिसम्म पर्सा, बारा, रौतहट, मकवानपुर र चितवन जिल्लाका गरीब र धनी सबै वर्गका विद्यार्थीहरूको उच्च शिक्षा हासिल गर्ने प्रमुख थलो ठाकुर राम बहुमुखी क्याम्पस नै थियो। विसं २०५० सम्म ठाराबको शैक्षिक अवस्था र प्रशासनिक व्यवस्था चर्चायोग्य थियो। चिकित्सा, इन्जिनीयरिङ, शिक्षा, निजामती, राजनीति आदि कुनै पनि क्षेत्र थिएन, जहाँ ठाराबमा पढेका विद्यार्थीहरूको चहलपहल नहोस्।

विसं २०४६ को परिवर्तनको केही वर्षपछि ठाराबको शैक्षिक अवस्था बिस्तारै ओरालो लाग्दै गयो। विभिन्न दलहरूका विद्यार्थी सङ्घ/सङ्गठनहरूको हालीमुहाली बढ्न थाल्यो। विद्यार्थी नेताहरूका कारण भर्नादेखि परीक्षासम्म प्रभावित हुँदै गए। यसको अलावा निजी शैक्षिक संस्थाहरू च्याउ उम्रेझैं खुल्दै गए। नाम चलेको ठाराब क्याम्पसको शैक्षिक अवस्था प्रभावित हुँदै जानु निजी शैक्षिक संस्थाहरूका लागि सञ्जीवनीतुल्य हुन पुग्यो। ठाराबमा पढाइ हुने प्रवीणता प्रमाणपत्र तह हटाइयो। निजी शैक्षिक संस्थाहरूका लागि झन् हर्षको विषय हुन पुग्यो।

निजी विद्यायहरूमा कक्षा १२ सम्म पढाइ हुन थाल्यो। निजी विद्यालयहरूका एकसेएक विज्ञापन र मनमोहक ब्यानरका अगाडि विद्यार्थी र अभिभावकहरू नतमस्तक हुँदै गए। विद्यार्थीहरूमा निजी विद्यालयहरूको रमणीय वातावरणले यतिविघ्न असर गर्‍यो कि सरकारी विद्यालयहरू समाजमा अपाच्य हुन थाले। ठाराब नेताको उत्पादन केन्द्र बन्दै गयो। अधिकांश विद्यार्थी नेता राजनीतिमा सक्रिय रहने उद्देश्यले एक सङ्कायबाट अर्को सङ्कायमा नाम लेखाउने ध्याउन्नमा रहन थाले। स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा मत पाइने उद्देश्यले परीक्षामा पनि बेथिति बढ्दै गए। विभिन्न विकृतिहरूका कारण राम्रा विद्यार्थीहरू पलायन हुन थाले। अहिले ठाराब आर्थिकरूपमा कमजोर तथा जागीरमा रहेका विद्यार्थीहरूको गन्तव्य भएको छ। त्यसैगरी, सरकारी माध्यमिक विद्यालयहरूमा कक्षा १२ सम्मको अध्यापन गराउने होड्बाजी त चल्यो, तर बहुसङ्ख्यक विद्यार्थीको रोजाइको विषय उपलब्ध नहुने अवस्थासँगै शिक्षकको अभावले सरकारी शैक्षिक यात्रा समाजमा नीरस हुन थाल्यो। यसै क्रममा विद्यार्थीहरूलाई निजी विद्यालयको चस्का लागिसकेको थियो। बिस्तारै देश र विदेशका निजी विश्वविद्यालहरूको आगमन हुन थाल्यो। निजी शैक्षिक संस्थाहरूसँग उनीहरूले भित्रैभित्र हिमचिम बढाउँदै गए। केही हजार/लाखको कमिशनको लोभमा विद्यार्थीहरूलाई पलायन गराउने क्रम बढ्दै गयो। अहिले यो क्रम थामिनसक्नु छ। कोही आवश्यकता, कोही बाध्यता त कोही लहलहैमा उच्च शिक्षाको नाममा पलायन हुने क्रम बढ्दो छ।

सरकारी निकायमा दर्ता भएका र नभएका सबैखाले शैक्षिक परामर्शदाताहरूको विज्ञापन अहिले सामाजिक सञ्जालहरूमा छताछुल्ल छ। मनमोहक र प्रायोजित विज्ञापनहरूको पासोमा दिनहुँ बहुसङ्ख्यक विद्यार्थी फसिरहेका छन्। विद्यार्थीहरूले विज्ञापनहरूमा अङ्कित फोनहरूमा सम्पर्क गर्ने, लेनदेनको कुराकानी गर्ने र परामर्शदाताले भनेको प्रक्रिया अवलम्बन गर्नेबाहेक विद्यार्थीहरूलाई आफू ठगिइरहेको हो वा होइन भन्ने कुरा थाहै हुँदैन।

यसको अर्थ रुचि अनुसारको अध्ययन र विदेश पढ्न जान चाहने विद्यार्थीहरूले जानै हुँदैन भन्ने होइन। यद्यपि यस कार्यमा हुने आर्थिक लेनदेन सरकारी नियम अनुसार हो वा होइन ? शैक्षिक परामर्शदाता सरकारी निकायमा दर्ता र उसले आर्थिक कारोबार वैधानिक तरीकाले गरिरहेको छ वा छैन ? भन्ने हो।

यस प्रकारका गतिविधिहरूमा के देखिन्छ भने विद्यार्थी र परामर्शदाताबीच आर्थिक लेनदेनको कुराकानी आपसी समझदारीमा तय हुन्छ। शैक्षिक परामर्शदाताहरूको साँठगाँठ विश्वविद्यालयहरूसँग पहिलेदेखि नै हुन्छ। विदेशी विश्वविद्यालयहरूलाई विद्यार्थी र पैसाबाहेक अन्य कुराहरूसँग खासै सरोकार हुने कुरै भएन। उता विश्वविद्यालयले भर्नापत्र पठाउनेसम्म दायित्व वहन गर्छ। यता अन्य प्रक्रियाका लागि नियामक निकायसमक्ष विश्वविद्यालयले पठाएको भर्नापत्रसँगै आवश्यक कागजात दिए पुग्छ। विद्यार्थीले नेपालस्थित शैक्षिक परामर्शदातालाई कति रकम बुझाएको छ ? उक्त रकम कानूनसम्मत छ वा छैन ? परामर्शदाताले वैधानिकरूपले कारोबार गरिरहेको छ वा छैन ? आदिबारे सरकारी निकाय आफ्नो दायित्व ठान्दैन जस्तो छ।

शैक्षिक माफियाहरूको पहिचान र कारबाही गर्ने दिशामा सरकार र सरकारी निकायहरू पनि बेखबर छन्। कथित शैक्षिक प्रगतिका नाममा भद्रगोल अवस्था रोक्न नियामक निकायहरू तत्पर देखिंदैनन्। ऋण लिएर र खेत तथा गरगहना बेचेर उच्च शिक्षाको सपना बोकेर विदेशिने विद्यार्थीहरू दिनहुँ ठगिन बाध्य छन्। यसका प्रमुख कारणहरूमध्ये (१) विदेशमा पढाइसँगै कमाइको ध्येय, (२) मौका मिले सोही देशमा स्थायी बसोबास (३) स्वदेशमा रोजगारको अभाव र (४) स्वदेशमा रोजगार पाए पनि परिवार धान्न मुश्किल हुने तलब। विद्यार्थीहरूको यस प्रकारको मनोविज्ञानमाथि शैक्षिक परामर्शदाताहरू हाबी हुँदै गएका छन्।

एकातर्फ सरकार र सरकारी निकायहरू सुनकाण्ड र एनसेल जस्ता विभिन्न दलदलबाट मुक्ति पाउने भूमिकामा मग्न छ। अर्कोतर्फ शैक्षिक माफियाहरूको जगजगीले विद्यार्थीहरूसँगै नेपाली मुद्रा बाहिरिने क्रम बढ्दो छ। आर्थिक मन्दीका विभिन्न कारणहरूमध्ये विद्यार्थीहरूको पालयन पनि एक हो। त्यस कारण शैक्षिक माफियाहरूलाई कानूनी दायरामा ल्याउने जिम्मेवारी तीनै तहका सरकार र सरकारी निकायहरूले दायित्वबोध गर्नु जरुरी छ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैँचा, वीरगंज

जस्तो, चिकित्सकले बिरामीलाई भने– हजुरले थोरै भोजन गर्नुहोला, धेरै व्यायाम गर्नुहोला । अब त्यो बिरामी घर आयो । त्यसको केही दिनपछि उसलाई टाइफाइड भयो । अब उसले चिकित्सकले यस्तो भनेको थियो भनेर चिकित्सकले भने अनुसारको सिद्धान्तलाई समातेर बस्नुहुँदैन । किनकि टाइफाइडमा बिरामीलाई व्यायामभन्दा आरामको बढी जरुरी हुन्छ ।

हामीले विवेकपूर्ण जीवन जिउनुपर्छ । बुद्धिलाई जागृत अवस्थामा राख्नुपर्छ । कुन कुन कुरा हामीलाई कुन कुन परिस्थितिमा भनिएको छ ? त्यतिमात्र नभएर अरू कुन कुन परिस्थितिहरू जीवनमा आउन सक्छन् ? हामीले परिस्थिति अनुसार हामीले परिवर्तित हुनुपर्छ । अन्ततः कुल मिलाएर हामीले स्वयम् जानेर, जिम्मेवारीपूर्वक निर्णय गर्नुपर्छ ।

ओशोको प्रवचनमा एउटा कथा आउँछ । एउटा शिष्य आफ्नो गुरु आश्रममा १० वर्ष बस्यो । त्यहाँ उसले शिक्षा ग्रहण गऱ्यो, साधना गऱ्यो, ध्यानमा डुब्यो । फेरि जब उसको शिक्षा पूरा भयो, तब गुरुले भन्नुभयो– अब तिमी जान सक्छौ । ऊ जाने लागेको थियो । रातको समय थियो । गुरुले उसलाई एउटा दीपक बालेर दिनुभयो र भन्नुभयो कि यो बत्ती लिएर जाऊ, बाटो हेरेर होशपूर्वक जाऊ किनभने औंसीको रात छ । तिम्रो गाउँ यहाँबाट धेरै टाढा छ । गुरुको कुरा सुनेर शिष्यले गुरुलाई धन्यवाद दिँदै आश्रमबाट बाहिरियो ।

तर ऊ आश्रमबाट बाहिरिएर एउटा सिढी मात्र के उत्रिएको थियो, एउटा अनौठो घटना घट्यो । उसको गुरुले दौडिँदै आएर फुकेर उसले लिएर हिंडेको बत्ती निभाइदिनुभयो । शिष्यले अचम्म मान्दै गुरुसँग भन्यो– एकै छिन अगाडि त हजुर भन्दै हुनुहुन्थ्यो, औंसीको रात छ, यो बत्ती बाल्दै जानु । फेरि हजुरले किन यो बत्ती निभाइदिनुभयो ?

गुरुले भन्नुभयो– यो मैले दिएको दीपक थियो, त्यसैले मैले निभाइदिएँ । अब तिमी स्वयम् आफ्नो दीपक बन । भगवान् बुद्धको अन्तिम वचन थियो– अप्प दीपो भवः । अर्थात् आफ्नो दीपक स्वयम् बन । जीवनमा अरूले दिएको उज्यालो काम लाग्दैन । तिम्रो अन्तर्आत्मा जागोस्, तिम्रो अन्तःकरण जागोस्, तिमीभित्र विवेक र प्रज्ञा विकसित होस् ।

आफैं अगाडि बढ्दा निश्चितरूपले भूलचूक हुन सक्छ, तर आफ्नो भूलचूक पनि जीवनमा अगाडि बढ्न सहयोगी हुन्छ । अरूले दिएको सिद्धान्त चाहे जतिसुकै ठीक होस्, हुन सक्छ यसले केही भूलचूकबाट बचाउन पनि सक्छ होला, तर त्यसबाट हामी प्रज्ञावान् बन्न सक्दैनौं । यसले गर्दा जीवनको यात्रामा अगाडि कुनै बेला यस्तो परिस्थिति आउन सक्छ, जब हामी खाल्डोमा खस्नेछौं । त्यस बेला अरूले दिएको लौरोले सहारा दिन सक्दैन । त्यसैले हामीले आँखा खोलेर हिंड्न सिक्नुपर्छ । अन्धोलाई दिएको लाठीले कहिलेसम्म काम गर्न सक्छ ? किन हामी उसको आँखाको उपचार नै गरेर उसलाई आँखा देख्न सक्ने न बनाइदिने ? यसैले ओशो हामीलाई लट्ठी दिनुहुन्न । बरु उहाँ हाम्रो अन्धोपनको उपचार नै गरिदिनुहुन्छ । यसैले जीवनमा उहाँले धेरै कुरा भन्नुभयो, जुन कुराहरू हामीलाई एकापसमा विपरीत जस्ता लाग्छन् । किनभने यी कुराहरू अलगअलग मानिसहरूलाई अलगअलग परिस्थितिमा भनिएका कुराहरू हुन् । यसमा कति मानिसहरू स्त्री छन्, कति पुरुष छन्, दुवैलाई एउटै कुरा लागू हुन सक्दैन । केही साना बच्चाहरूको लागि भनिएका कुराहरू छन्, केही युवाहरूको लागि भनिएका कुराहरू छन् भने, केही बुढ्हरूको लागि भनिएका कुराहरू छन् । सबैको लागि एउटै कुरा लागू हुन सक्ने कुरै भएन ।

हामी कुनै बच्चालाई तिमी सङ्कल्पवान् बन भनेर उसको अहङ्कार बढाइदिन्छौं, ऊभित्रको अहङ्कारलाई जगाइदिन्छौं । जुन उसलाई आफ्नो खुट्टामा उभिनको लागि जरुरी पनि छ । फेरि हामी कुनै अहङ्कारी वृद्ध मानिसलाई भेट्यौं भने हामी उसलाई भन्छौं, निरअहङ्कारी बन्नुस् । आफ्नो अभिमानलाई त्यागिदिनुस् । जीवनमा यी दुवै कुरा जरुरी छन् । सीधासीधा लेख्नुपऱ्यो भने किताबमा यो कसको लागि कुन बेला भनिएको हो भनेर लेखिँदैन । कहिलेकाहीं त एउटै मानिसलाई पनि एकपटक एउटा कुरा र अर्कोपटक अर्कै कुरा भनिएको हुन्छ । हुन सक्छ, पहिले उसको प्रश्न नै अलग हुन सक्छ र अहिले उसको प्रश्न अलग हुन सक्छ । उसको प्रश्न बदलिएको कारणले गर्दा जवाफ पनि बदलिएको हुन सक्छ ।

जो बुद्धि नभएका मूर्ख मानिसहरू हुन्छन्, उनीहरू नै सैद्धान्तिक मानिसहरू हुन्छन् । उनीहरूले भन्छन्– मैले एकपटक यस्तो भनिदिएँ, अब म त्यसबाट पछि हट्दिनँ । जागृत व्यक्ति हरदम परिवर्तनको लागि तयार रहन्छ । परिवर्तनशीलता जीवनको एक लक्षण हो ।

यदि बच्चाले हरहमेशा मातापिता तथा शिक्षकहरूको आज्ञालाई मान्दै गयो भने उसभित्र आफ्नो निजी व्यक्तित्वको निर्माण हुन सक्दैन । उसको आन्तरिक विकास हुँदैन । जुन बच्चा आफूभन्दा ठूला मानिसहरूको आदेश मानेर जीवन जिउँछन्, उनीहरूको 'आई क्यू लेभल' कम हुन्छ । उनीहरू गोबरगणेश हुन्छन् । उनीहरू माटाका मूर्तिजस्तै हुन्छन् । बच्चा यस्तो होस् कि ऊभित्र विद्रोह आओस्, उसले बगावत गरोस् । उसले हुन्छ मात्र हैन, हुँदैन पनि भन्न सकोस् । उसमा अलिकति अहङ्कार पनि आउनुपर्छ । यसैबाट उसको इच्छाशक्ति उत्पन्न हुन्छ । यस्तो शक्तिको विकास भएपछि ऊ सङ्कल्पवान् व्यक्ति बन्नेछ । बच्चाको लागि यो अनिवार्य छ । तबमात्र उसले आफ्नो जीवन ठीकसँग जिउन सक्नेछ । फेरि एक दिन यस्तो आउनेछ । जब एक नयाँ प्रकारको परिपक्वता उसभित्र आउनेछ । तब समर्पणको भावना जागृत हुनेछ, उसभित्र श्रद्धा उत्पन्न हुनेछ ।

हामी उसभित्र सन्देह पैदा गरौं, वैज्ञानिक चिन्तनमनन पैदा गरौं, उसको अन्धविश्वास तोडौं, ऊ सन्देहशील बनोस्, प्रत्येक चीजमाथि सवाल उठाउन सिकोस्, ऊ अन्वेषक बनोस्, ऊभित्र वैज्ञानिक सोच पैदा होओस्, यी सबै जरुरी छन् । उसले स्वयम् निर्णय लिन सकोस्, यस्तो शक्ति ऊभित्र उत्पन्न होस् । त्यसैको नाम सङ्कल्पशक्ति हो । यी सबै अहङ्कारका नै विविध रूपहरू हुन् । तर हामीले बुझ्नुपर्ने कुरा के छ भने यी कुराहरूले नै मानिसको व्यक्तित्वको निर्माण हुन्छ ।

फेरि यस्तो समय आउनेछ कि त्यस बेला उसले आफ्नो व्यक्तित्वभन्दा बाहेक म को हुँ ? भन्ने पनि जान्ने कोशिश गरोस् । यसबाट बिल्कुल विपरीत घटना घट्नेछ । लगभग आधा जीवन उसले यही अहङ्कारको साथमा रहेर बिताउनेछ । फेरि बाँकी आधा जीवन उसले यसको ठीकविपरीत दिशामा बिताउनेछ । अब उसले बुझ्नेछ कि अहङ्कार पालेर जीवनमा आनन्द आउँदैन । तब उसले अहङ्कारबाट मुक्त हुन सिक्नेछ । हामी मुक्त पनि त्यही चीजबाट हुन सक्छौं, जुन चीज हामीसँग छ । मसँग यदि एक करोड छ भने मात्र म एक करोड छोड्न सक्छु । छँदै छैन भने म के छोड्छु ? ठीक यसैगरी जोसँग अहङ्कार छ, सङ्कल्प छ, त्यही व्यक्ति मात्र समर्पित हुन सक्छ । सुन्ने बित्तिकै हामीलाई पत्याउनै गाऱ्हो लाग्छ, किनकि यी दुवै भनेका विपरीत कुराहरू हुन् । कहाँ सङ्कल्प, कहाँ समर्पण, दुवै एकदम विपरीत कुरा हुन् । सङ्कल्पको अर्थ म निर्णयपूर्वक यो कर्म गर्छु भन्ने हुन्छ भने समर्पण भनेको प्रभुको जस्तो मर्जी हुन्छ, म को हुँ र गर्नेवाला ? कर्ता पुरुष त परमात्मा हो । सुन्दा हामीलाई विपरीत लागे पनि जसले जति सजग भएर सङ्कल्पपूर्वक जीवन बिताएको हुन्छ, उसले मात्र एक दिन प्रभु चरणमा आफूलाई समर्पित गर्न सक्छ । जसभित्र सङ्कल्प छैन, उसले आफूलाइ समर्पण गर्न सक्दैन । क्रमशः

# यौन विकृति अथवा सेक्सुअल डिजार्डर–३

पाठकवृन्द बितेको दुई अङ्कमा यौन विकृतिबारे विस्तारमा कुरा भयो । अन्य शारीरिक विकृतिभन्दा यस विकृतिको वर्णन बढी नै भयो होला, सामान्यजनले विस्तारमा जान्न जरूरी पनि थियो किनभने यौनले जीवनका सबै आयामलाई प्रभावित गर्छ । अरू कुनै कुराले मान्छेको सम्पूर्ण जीवनचक्रलाई यति बढी प्रभावित गर्दैन । त्यस कारण जानीजानी विस्तार र तहतहको उल्लेख गरेको हुँ । यौन विकृतिमा अब रह्यो, त्यसको उपचार जुन आजको विषय हो ।

**यौन विकृतिका उपचारहरू :** पाठकवृन्द, उपचारभन्दा पहिले जरूरी हुन्छ रोग पत्ता लगाउने र शारीरिक वा मानसिक कारण छुट्याउने । यौन विकृति ९० प्रतिशत मनोवैज्ञानिक र मात्र १० प्रतिशत शारीरिक कारणले हुन्छ । यसको डायग्नोसिस त क्लिनिकल नै हुन्छ तर पनि थुप्रै पेथोलाजिकल जाँच गरेर सम्बन्धित जैविक कारण छ कि छैन भने हेर्नैपर्ने हुन्छ, जसमा रक्तचाप, चिनी र थाइरायड आदिको जाँच आउँछ । लिङ्गको नाप गर्नुका साथै लिङ्गको भित्री संरचना र संवेदनाको जाँच गर्नका लागि आजकाल धेरै प्रविधि उपलब्ध छन् । यसबाहेक हार्मोनल एस्से आदि र आरइएम स्लीपको बेला वा उठ्नेबित्तिकै लिङ्गोत्थान हुन्छ कि हुँदैन भनेर पत्ता लगाइन्छ । डिजार्डर जन्मजात वा पछि भएको हो भन्ने पत्ता लगाउनुपर्छ । सबै किसिमले ढुक्क भएपछि डिजार्डर मनोवैज्ञानिक हो भने निम्नलिखित उपचार गरिन्छ : १ मनोविश्लेषण वा साइकोएनालिसिस २. हिप्नोसिस अथवा सम्मोहन ३. ग्रुप थेरापी अथवा समान रोगीको एक साथ उपचार ४. बानी बदल्ने वा बिह्वेवियर थेरापी ५. मास्टर एन्ड जोन्सन टेक्निक ६. मुखबाट खुवाउने ओषधोपचार ७. लिङ्गभित्र इन्जेक्शन ८. भौतिक शारीरिक उपकरणबाट उपचार आदि ।

साइकोएनालिसिस, जब डिजार्डरले व्यक्तित्व विकारसम्म पैदा गर्न थाल्छ, तब अवचेतनामा लुकेको कारण पत्ता लगाउन गरिन्छ । हिप्नोसिस वा सम्मोहनको उपचार एक्लै पनि र अर्को उपचार विधि सँगसँगै पनि गरिन्छ । तर चिकित्सकसँग सहयोग गर्ने रोगीमा मात्र यो सम्भव हुन्छ । असहयोग गर्ने रोगीलाई गर्न सकिंदैन । यसको लक्ष्य लक्षण समाप्त पार्ने मात्र हो । ग्रुप थेरापीमा एउटै लिङ्गका विभिन्न डिस्फंक्शनका रोगी वा दुवै लिङ्गका समान डिजार्डर भएका रोगीबीच अन्तर्क्रिया गराइन्छ । लक्ष्य यो हुन्छ कि रोगीले सामान्य सेक्सबारे जानोस् र एकअर्काका अनुभव साटासाट गरोस् । यो एक्लै रोगीमा पनि र अर्को विधिको सहायक स्वरूप पनि गरिन्छ, जसले बढी राम्रो परिणाम दिन्छ । बानी बदल्ने थेरापीमा–रिलेक्सेशन ट्रेनिङ अर्थात् विश्राम वा आरामको तरीकाबारे प्रशिक्षण, एसर्टिभनेस ट्रेनिङ अर्थात् सकारात्मकताको प्रशिक्षण, सिस्टमेटिक डिसेन्सिटाइजेशन जसको लक्ष्य हुन्छ, यौनक्रियामा हुने डर र चिन्ता हटाउने तथा बायोफिडबैक अर्थात् शिश्न प्लेग्राफ देखाएर वास्तविकता र तथ्य बताउने आदि । मास्टर एन्ड जोन्सन टेक्निक धेरै लोकप्रिय र सफल विधि हो तर यसमा पति र पत्नी दुवैको उपचार एउटा पुरुष र एउटा महिला चिकित्सकको टीमले गर्छ । आजकाल एउटै चिकित्सकले पति र पत्नी दुवैको उपचार गर्न सक्छ । लक्षण निर्मूल होस् भनेर एकदम साधारण विधि प्रयोग हुन्छ र पतिपत्नीलाई साप्ताहिक सेसनमा बोलाइन्छ । यसका निम्न चरण हुन्छन् : पहिलो चरणमा पति र पत्नीको सेक्स हिस्ट्री छुट्टाछुट्टै विस्तारमा पत्ता लगाइन्छ । दोस्रो चरणमा पति र पत्नीका एकसाथ राउन्ड टेबल वार्तालाप गराइन्छ, जसको लक्ष्य हुन्छ–दम्पतीलाई सामान्य सेक्सबारे जानकार बनाउने, विद्यमान समस्यामा पति र पत्नीबीच समझदारी कायम गराउने र बढाउने, पतिपत्नीबीच सेक्सबारे छलफल गर्ने बानी बसाल्ने आदि । तेस्रो चरणमा व्यवहार बदल्ने केही प्रशिक्षण दिइन्छ । यस टेक्निकका केही उदाहरण हेर्दा दङ्ग परिन्छ किनभने

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com


**यो रक्तनलीको कठिन शल्यक्रिया हो, जुन धेरै कम र कहिलेकाहीं मात्र कुनै कुनै रोगीमा अर्गेनिक कारणले भएको नपुंसकतामा गरिन्छ, जसमा रक्तसञ्चारको प्रवाहमा कमी हुने रोग पनि लागेको हुन्छ ।**

यति सानो काम नगर्दा जीवनभरि आनन्दबाट वञ्चित रहन्छ । पत्नी पति छोडेर जान्छे र पति अवसादको शिकार बनेर आत्महत्या गर्छ । यस सानो



टेक्निकको सफलता ८० प्रतिशतभन्दा बढी पाइएको छ । यथा:

**सेन्सेट फोकस टेक्निक :** यस विधिको उपयोग नपुंसकता र अर्को सेक्सुअल डिस्फंक्शनमा पनि गरिन्छ । पाठकवृन्दलाई थाहा छ कि छैन यौनपूर्व क्रीडामा पतिले पत्नीको केवल भग्नासा चलाउँछ, पत्नीले केही पनि चलाउँदिन । यसले गर्दा कसैमा पनि यौनेत्तजना पैदा





हुँदैन किनभने अमुक पत्नीमा उत्तेजित हुने बिन्दु भग्नासा होइन, अन्यत्र कहीं हुन्छ । हो यस टेक्निकमा अन्यत्रका यिनै बिन्दुहरूको पत्ता लगाइन्छ । तपाईंलाई आश्चर्य लाग्न सक्छ कतिपय महिलाको भग्नासा चलाउँदा ऊ झन् चीसो हुन्छे । अतः अन्य बिन्दु पत्ता लगाइ त्यसलाई चलाउनुपर्छ । यो कुरा पतिको लागि पनि साँचो हो । लिङ्गबाहेक पत्नीले त्यस बिन्दुलाई पनि चलाउनुपर्छ ।

**स्क्वीज वा सिमेन्स टेक्निक :** प्रिमेच्योर इजाकुलेशन अथवा शीघ्रपतनमा यो विधि प्रयोग गरिन्छ । यसमा पत्नीले पतिको लिङ्ग चलाएर उत्थित पार्छे । जब वीर्य स्खलन हुनहुन लाग्छ, पत्नीले शिश्नमुण्डको पछाडि केहीबेर औंलाले थिचेर राख्नुपर्छ । यो क्रिया पटकपटक गरेर बानी बसाल्नुपर्छ । यति सामान्य कुराले भयङ्कर लाग्ने शीघ्रपतन निको हुन्छ । यदि लिङ्ग योनिमा पस्नेबित्तिकै वीर्यपात हुने रोग छ भने त्यस्तो हुन लागेको बेला लिङ्ग योनिबाट बाहिर निकाली केहीबेर यसै राख्नुपर्छ । यसलाई पनि बारम्बार दोहोऱ्याएर बानी बसाल्नुपर्छ अनि शीघ्र स्खलन हुँदैन । यति सानो विधिबाट ठूलो यौन डिजार्डर निको हुन्छ । पत्नीको अलिकति सहयोग मात्र चाहिन्छ । त्यति पनि सहयोग नगर्ने पत्नीले आफ्नो काम आफैं बिगार्छन् । आवश्यकता छ, धैर्य राखी यो विधिमा अभ्यस्त हुने ।

**मौखिक औषधोपचार :** औषधि यसको मुख्य उपचार होइन । आजकाल केही औषधि पनि प्रयोग गरिन्छ, जब रोगीमा सेक्सुअल डिजार्डरका साथै अन्य साइकोटिक लक्षण पनि छ भने । सेक्सुअल डिस्फंक्शनले गर्दा चिन्ता लाग्दा बेन्जोडाइजिपिन थोरै खुराक, शीघ्रपतनमा थायोरिडाजोन, ट्राइसाइक्लिक एसिड, ट्रेजोडोन, क्लोमिप्रामिन, फ्ल्युक्सेटिन आदि औषधिले राम्रो काम गर्छ । त्यस्तै, आजभोलि योह्म्वीन आयोजोक्सन, नलट्रीक्सोन, ब्रोमोक्रिटिन, एपोमर्फिन, पेट्रोफाइलिन आदि तथा लिङ्ग र योनिमा लगाउने ग्लिसरोलट्रिनिट्रेट मिनोक्सिडिल र पेपेभेरिन आदि धेरै औषधि उपलब्ध छ । यता धेरै शक्तिशाली औषधि पनि आविष्कार भएको छ, जसको उल्लेख गर्नैपर्छ । त्यसमा पुरूषको लागि मुख्य छ, सिल्डनेलाफिल चक्की, जसलाई भियाग्रा पनि भनिन्छ र भियारव क्रीम तथा महिलाको लागि फ्लिवेनसेरिन चक्की र सिरियम क्रीम हो, जसको प्रयोग पुरूष लिङ्ग उत्थित नहुने रोगमा गरिन्छ । त्यस्तै, महिलामा पनि गरिन्छ । सम्भोग गर्नुभन्दा एक घण्टा पहिले औषधि खाएर तथा लिङ्ग वा योनिमा क्रिम लगाउन सकिन्छ । शिश्नभित्र ससाना प्वाल वा सैक हुन्छ, जसमा रगत भरिएपछि लिङ्ग उत्थित हुन्छ र सम्भोगपछि रगत निस्कन्छ र लिङ्गोत्थान समाप्त हुन्छ । औषधिले सैकहरूमा रगत भरिएपछि निस्कने बाटो बन्द गरिदिन्छ । परिणामस्वरूप लिङ्ग धेरै बेरसम्म उत्तेजित र उत्थित अवस्थामा रहन्छ । यसको साइड इफेक्टमा केवल अनुहार बढी रातो हुन्छ, जुन बढी रक्तसञ्चारको परिणाम हो । यस अतिरिक्त हेडेक र नाक बन्द हुने कुरा पनि देख्न सकिन्छ । त्यस कारण हृदयरोगी र रक्तचापका रोगीले यो प्रयोग गर्नुहुँदैन । आजकाल नवयुवकमा धेरैबेरसम्म टिक्न यसको जथाभावी प्रयोग र लत लागेको देखिन्छ, जुन एकदम ठीक होइन । सामान्य अवस्थामा कुनै औषधि खाइँदैन, यहाँ पनि त्यही नियम लागू हुन्छ । अन्यथा यो उखान सत्य हुन्छ : चौबे गये छब्बे बनने दुबे होके आये । यस अतिरिक्त आयुर्वेदमा पनि टेन्टेक्सफोर्ट आदि र बाजारू औषधिमा साण्डेको तेल पनि प्रचलित छ । यसको जथाभावी प्रयोग गर्नुहुँदैन ।

**हार्मोनल उपचार :** यसमा टेस्टोस्टेरोन प्रोपियोनेट नामक औषधिको प्रयोग पुरूषमा र स्त्री हार्मोनको प्रयोग महिलामा गरिन्छ । यसको पनि प्रयोग तबमात्र गरिन्छ, जब वयस्क रोगीमा पुरूष हार्मोनको कमी छ वा रोगी किशोरावस्था वा वरिपरिको छ । यसले यौनेच्छा बढाउँछ, नोक्सान केही गर्दैन, तर सामान्य वयस्कलाई दिइयो भने उल्टो काम गर्छ, मतलब यौनेच्छा कम गरिदिन्छ । यही कुरा स्त्री हार्मोनमा पनि लागू हुन्छ । जब यी हार्मोनको आविष्कार भयो, तब मान्छेले यो ठाने कि जवानीको साँचो नै पाइयो । तर परिणाम हेरेर मान्छे आकाशबाट खसेजस्तो भयो ।

इन्ट्राकैभेर्नोसल इन्जेक्शन अफ भासोएक्टिभ ड्रग अथवा लिङ्गको केभरनोसामा इन्जेक्शन दिने : कैभरनोसा माथि उल्लिखित सैक हो, जसमा रगत भरिएपछि लिङ्ग खडा हुन्छ । त्यहीभित्र सुईले सीधैं पेपेभेरिन नामक औषधि पुऱ्याइन्छ, जसलाई फेन्टलामिन, फेनोक्सिबेन्जामिन, अल्प्रेस्टेडिल वा प्रोस्टाग्लैन्डिन ई नामक औषधि मिलाएर पनि दिइन्छ । यसबाट यो पत्ता लगाइन्छ कि नपुंसकता अर्गेनिक हो कि मनोवैज्ञानिक ।

**फिजिकल डेभाइसेज वा भौतिक उपकरणहरू :**

लिङ्ग उत्थित गर्ने केही उपकरण पनि हुन्छ र कृत्रिम लिङ्ग पनि इम्प्लान्ट गरिन्छ । तर यो केवल शारीरिक कारणले भएको नपुंसकतामा मात्र गरिन्छ । यसको धेरैचोटि प्रयोग गरेर सफलता प्राप्त भइसकेपछि मनोवैज्ञानिक नपुंसकतामा पनि प्रयोग गर्न सकिन्छ, नत्र गरिँदैन ।

**भास्कुलर सर्जरी वा रक्तनलीको शल्यक्रिया :** यो रक्तनलीको कठिन शल्यक्रिया हो, जुन धेरै कम र कहिलेकाहीं मात्र कुनै कुनै रोगीमा अर्गेनिक कारणले भएको नपुंसकतामा गरिन्छ, जसमा रक्तसञ्चारको प्रवाहमा कमी हुने रोग पनि लागेको हुन्छ । अस्तु !

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानका पूर्वप्रम इमरान खानलाई जमानत तर कारागारमैं रहने

इस्लामाबाद, ६ पुस/एएफपी

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई राज्यका गोप्य कुराहरू चुहावट गरेको आरोपमा शुक्रवार जमानत दिइएको वकीलहरूले बताएका छन् । यद्यपि अन्य आरोपमा उनी कारागारमैं रहने भएका छन् ।

अगस्तमा हिरासतमा लिइएका खानले शक्तिशाली सेनामाथि उनको लोकप्रिय आन्दोलनलाई दबाउन र आगामी फेब्रुअरीमा हुने निर्वाचनमा उम्मेदवारी दिनबाट रोक्न लामो समयदेखि पाकिस्तानमा प्रभुत्व स्थापित गरेका वंशवादी पार्टीहरूसँग मिलेर काम गरिरहेको आरोप लगाएका छन् ।

सन् २०२२ अप्रिलमा शीर्ष अधिकारीहरूसँगको मनमुटावपछि सत्ताबाट बाहिरिएका ७१ वर्षीय खान कानूनी मुद्दाहरूको झमेलामा परेका छन् र दुईपटक कारागार गइसकेका छन् ।

वकील सलमान सफदरले खानका पूर्वविदेशमन्त्रीको नाम लिंदै अदालतबाहिर पत्रकारहरूसँग भने, "मुद्दा पूर्णरूपमा समाप्त भएको छ, इमरान खान र शाह महमुद कुरेशीलाई अन्ततः जमानत दिइएको छ ।" अभियोजकहरूले खान र कुरेशीमाथि अमेरिकामा पाकिस्तानका राजदूतले पठाएको कूटनीतिक तारलाई गलत प्रयोग गरेको आरोप लगाएका छन् । कानूनी चुनौतीले अदालतलाई उपस्थित पर्यवेक्षकहरूसँग कारबाही पुनः शुरू गर्न बाध्य नतुल्याउन्जेल कथित आरोपका लागि मुद्दा कारागारभित्र भएको थियो र ट्रायल गोप्यरूपमा भएको थियो ।


पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान । तस्वीरः फाइल

पूर्वप्रधानमन्त्री खानको तहरिक-ए-इन्साफ (पिटिआई) पार्टीले खान भ्रष्टाचारका विभिन्न मुद्दामा कारागारमा रहेका र फेब्रुअरी ८ मा हुने निर्वाचनमा उम्मेदवारी दिन कारागारबाट बाहिर निस्कने सम्भावना अत्यन्त कम रहेको बताएको छ । "निकट भविष्यमा उहाँले राहत पाउने सम्भावना अत्यन्त कमजोर देखिन्छ," पार्टीका वकील खालिद युसुफ चौधरीले भने ।

पाकिस्तानमा राजनीतिज्ञहरूको भाग्य ऐतिहासिकरूपमा सैन्य प्रतिष्ठानसँग उनीहरूको सम्बन्धमा निर्भर गर्छ । पाकिस्तानी सेनाले धेरै अवसरमा मुलुकमा प्रत्यक्ष शासन गरेको छ । अत्यन्त लोकप्रिय खान सेनाको समर्थनमा सन् २०१८ मा सत्तामा आएका तर संसदीय अविश्वास मतबाट अपदस्थ भएपछि उनले सैनिक जनरलहरूले वाशिङ्टनसँग मिलेर उनको कार्यकाल समाप्त गर्ने षडयन्त्र रचेको दाबी गरेका छन् । उनले सार्वजनिकरूपमा कूटनीतिक दस्तावेजहरूलाई आफ्नो दाबीका लागि आवश्यक प्रमाणका रूपमा प्रचार गरे । उनका वकीलहरूका अनुसार गोप्य सूचना चुहाएको अभियोगमा उनलाई १४ वर्षसम्मको कारागार सजाय वा मृत्युदण्ड पनि हुन सक्छ । रासस

## निर्वाचनको सम्भावना बढ्दै जाँदा बेलायतको अर्थतन्त्रमा सङ्कुचन

लन्डन, ६ पुस/एएफपी

बेलायतको अर्थतन्त्र तेस्रो त्रैमासिकमा अप्रत्याशितरूपमा सङ्कुचन भएको शुक्रवार आधिकारिक आँकडाले देखाएको छ ।

यसबाट आगामी वर्ष हुन लागेको निर्वाचनभन्दा अगाडि नै सम्भावित मन्दीको आशङ्का बढेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस) का अनुसार जुलाई र सेप्टेम्बरको बीचमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा शून्य दशमलव एक प्रतिशतले घटेको छ । यो शून्य वृद्धिको पूर्वानुमानभन्दा कम हो । ब्याजदरमा वृद्धि, उच्च मुद्रास्फीति र सेवा क्षेत्रको गिरावटले गतिविधिमा प्रतिकूल असर परेको थियो ।

ओएनएसले दोस्रो त्रैमासिकमा अर्थतन्त्र स्थिर रहँदा शून्य दशमलव दुई प्रतिशतले वृद्धि हुने उसको अघिल्लो अनुमान कम भयो । यसबाट सम्भावित मन्दीको अनुमान तीव्र भएको छ । यसलाई नकारात्मक आर्थिक विकासको लगातार दुई त्रैमासिकका रूपमा परिभाषित गरिएको छ ।

"तेस्रो त्रैमासिकमा वास्तविक जिडिपीमा सङ्कुचनको अर्थ हल्कारूपमा मन्दी शुरू भएको छ," क्यापिटल इकोनोमिक्सका विश्लेषक एशले वेबले भने, "तर सानो मन्दी भएपनि वा नभए पनि सन् २०२४ को पूरा वर्षमा जिडिपी सुस्त रहने अनुमानका लागि यो ठूलो तस्बिर हो ।"

बेलायतवासीले जीवनयापनको सङ्कटसँग सामना गरिरहेको बेला निर्वाचनमा विपक्षी लेबर नेता किर स्टार्मरभन्दा पछि परेका कन्जरभेटिभ प्रधानमन्त्री ऋषि सुनकका लागि शुक्रवारको निराशाजनक तथ्याङ्कले झट्का दिएको छ ।

बैंक अफ इङ्गल्यान्डका दरहरूमा भएको वृद्धिपछि बेलायती मुद्रास्फीति दुई वर्षभन्दा लामो समयमा सबैभन्दा तल्लो स्तरमा आएको ओएनएसको आँकडाबाट थाहा पाएपछि प्रधानमन्त्री सुनक बुधवार उत्साहित भएका थिए । रासस

## केरलामा पछिल्लो २४ घण्टामा कोभिडबाट एकजनाको मृत्यु, २६५ मा नयाँ सङ्क्रमण

त्रिभुवनन्तपुरम, ६ पुस/एएनआई

केरलामा पछिल्लो २४ घण्टामा कोभिड-१९ बाट एकजनाको मृत्यु भएको र २६५ जनामा नयाँ सङ्क्रमण देखिएको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बताएको छ । भारतमा कोभिड-१९ का कुल सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार ९९७ पुगेको छ ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार बिहीवार भारतमा ५९४ ताजा कोभिड-१९ सङ्क्रमित रहेका थिए ।

त्यस्तै, सक्रिय सङ्क्रमितको सङ्ख्या बिहीवार दुई हजार ३११ बाट बढेर दुई हजार ६६९ पुगेको थियो ।

यसैबीच, कोरोना भाइरसको नयाँ भेरियन्ट देखा पर्न थालेसँगै बढ्दो चिन्ताका बीच विश्व स्वास्थ्य सङ्गठनका पूर्वप्रमुख वैज्ञानिक डा सौम्या स्वामीनाथनले यो चासोको नभई चिन्ताको विषय भएकोले आत्तिनुपर्ने अवस्था नरहेको बताएकी छन् । "हामीले सावधानी अपनाउन आवश्यक छ, तर यो भेरियन्ट जेएन.१ गम्भीर छ वा मृत्युको कारक बन्न सक्छ भन्नेबारेमा सुझाव दिनका लागि कुनै तथ्याङ्क नभएकाले चिन्ता गर्न आवश्यक छैन," उनले भनिन्, "हामीले यसअघिको जस्तै सामान्य रोकथामका उपाय अपनाउने प्रयास गर्नुपर्छ भन्ने मलाई लागेको छ, हामी ओमिक्रोनसँग परिचित थियौं, यो एउटै परिवारको भेरियन्ट हो, त्यसैले धेरै परिवर्तन भएको छैन तर केही नयाँ परिवर्तन आएको छ । यसमाथि डब्लुएचओले ध्यान दिन आवश्यक छ ।" डब्लुएचओले हालै जेएन.१ लाई चासोको एक प्रकारका रूपमा वर्गीकरण गरेको छ, यो यसको मूल वंश बिए.२.८६ भन्दा भिन्न छ । यद्यपि उसले हालका प्रमाणका आधारमा जेएन.१ ले उत्पन्न गर्ने समग्र जोखिम कम भएको बताएको छ । रासस


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – ईश्वरभक्ति | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


मनोकामना हेल्पलाइन बचत तथा ऋण सहकारी संस्था लि.
वीरगंज-६, मीनाबजार

### २२औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको २२औं साधारणसभा निम्न लिखित स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

मिति : २०८० पुस १४ गते शनिवार
समयः दिउँसो १२:३० बजे
स्थान : मीनाबजार संस्था सञ्चालन रहेको भवन

**कार्यक्रम :**

१) आव २०७९/८० को वा लेखापरीक्षण प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) आव २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने ।
३) आव २०८०/८१ को अनुमानित आय-व्यय विवरण पेश गर्ने ।


## प्रजातान्त्रिक आन्दोलनका अगुवा स्व रामनारायण मिश्र उच्च कोटीका नेता

जनकपुरधाम, ६ पुस/रासस

"बरु म आफ्नो टाउको कटाउन तयार छु तर स्वाभिमान सुम्पिन तयार छैन । म मर्न तयार छु तर आत्मसमर्पण गर्दिनँ," भनेर नेपाली काङ्ग्रेस नेता स्व रामनारायण मिश्रले पञ्चायतविरुद्धको आन्दोलनपछि जेलमा हुँदा लिएको अडानबारे धेरै नेताले उद्धृत गर्दै आएका छन् ।



स्व रामनारायण मिश्रको ५६औं पुण्यतिथिको अवसरमा शुक्रवार जनकपुरधाममा आयोजित श्रद्धाञ्जलि एवं प्रार्थनासभा । तस्वीरः रासस

जनकपुरधाममा आयोजित नेपाली काङ्ग्रेसको प्रथम मधेस प्रदेश सम्मलेन उद्घाटनसत्रका वक्ता काङ्ग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पनि त्यस्तै भनेका थिए, "तत्कालीन शासकलाई शिर कटाउन तयार छु तर स्वाभिमान सुम्पिन भन्नुहुने हाम्रो नेता स्व रामनारायण मिश्रजस्ता तमाम क्रान्तिकारी योद्धाहरूको भूमि हो मधेस ।"

तिनै स्वाभिमानी व्यक्तित्व प्रजातान्त्रिक आन्दोलनका अगुवा नेता रामनारायण मिश्रको ५६औं पुण्यतिथि हो आज । त्यसै अवसरमा आज जनकपुरधाममा आयोजित श्रद्धाञ्जलि एवं प्रार्थनासभापछि काङ्ग्रेस नेता विमलेन्द्र निधिले पनि स्व नेता मिश्रलाई नेपाली प्रजातान्त्रिक आन्दोलनको एक उच्चकोटिको नेताको संज्ञा दिए ।

निधिले भने, "स्व मिश्र प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको समकालीन व्यक्तित्व हुनुहुन्थ्यो । त्यसैले त कोइरालाकै मन्त्रिमण्डलमा उहाँ पनि उद्योग, वाणिज्यमन्त्री बन्नुभयो । पञ्चायतविरोधी आन्दोलनमा जेल पर्नुभयो तर विभिन्न आश्वासनका बावजूद पनि प्रजातन्त्रप्रतिको निष्ठालाई दाउमा लाउनुभएन । तिनै नेतालाई हामीले स्मरण गरिरहेका छौं ।"

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुखसमेत रहेका रामनारायण मिश्र स्मारक समिति संयोजक किशोरी साहले पनि स्व मिश्रकै नेतृत्वमा तत्कालीन नेताहरू महेन्द्रनारायण निधि, सरोज कोइरालालगायतले राणाविरोधी आन्दोलन, प्रजातन्त्र बहाली र पार्टी बहुदलका पक्षमा काम गरेको स्मरण गरे ।

"जहानियाँ शासनविरुद्ध शुरूदेखि नै क्रियाशील स्व मिश्र विसं २००४ देखि लोकसेवक सङ्घको माध्यमबाट विभिन्न सामाजिक तथा जनचेतनामूलक क्रियाकलापमा संलग्न हुनुहुन्थ्यो । उहाँ विसं २००७ मा काङ्ग्रेसले सञ्चालन गरेको सशस्त्र क्रान्तिमा समेत सहभागी हुनुभयो । विसं २०१५ को संसदीय आमनिर्वाचनमा प्रतिनिधिसभा सदस्यमा महोत्तरीबाट निर्वाचित उहाँ बिपी कोइरालाको नेतृत्वमा विसं २०१६ जेठ १३ गते गठित मन्त्रिमण्डलको उद्योग, वाणिज्यमन्त्रीसमेत हुनुभयो," साहले भने ।

उद्योग, वाणिज्यमन्त्री रहेकै बेला स्व मिश्रको योगदानका कारण मधेस प्रदेशमा उद्योग कलकारखानको जग निर्माण भएको र त्यसमध्ये जनकपुरमा चुरोट कारखाना तथा वीरगंजमा चिनीमिल स्थापना गर्न सम्भव भएको भन्ने गरिएको छ ।

क्यान्सर रोगका कारण विसं २०२४ पुस ६ मा निधन भएका उनको सम्झनामा समाधिस्थल गङ्गासागर तटमा स्मारक समितिले हरेक वर्ष श्रद्धाञ्जलि तथा प्रार्थनासभा आयोजना गर्दै आएको छ । सभामा स्व नेता मिश्रप्रति श्रद्धाअर्पण गर्न काङ्ग्रेसका उपसभापति एवं उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री विमलेन्द्र निधि, नेता आनन्द ढुङ्गाना, रामहरि खतिवडा, मधेस प्रदेशका प्रदेश प्रमुख एवं स्व मिश्रका छोरा हरिशङ्कर मिश्रलगायत सहभागी थिए ।

## पुराना मुद्दा फछ्र्योटमा विशेष अदालतको जोड

काठमाडौं, ६ पुस/रासस

पुराना मुद्दालाई जतिसक्दो छिटो फछ्र्योट गर्ने सर्वोच्च अदालतको योजना अनुसार विशेष अदालत काठमाडौंले मुद्दाको फछ्र्योटलाई तीव्रता दिएको छ ।


तस्वीरः रासस

विशेष अदालतमा दुई वर्ष नाघेका मुद्दा ७० थान रहेका छन् ।

कुल मुद्दा १२२ भएकामा ५२ मुद्दा फछ्र्योट भई ७० थान मात्र मुद्दा बाँकी रहेको अदालतमा शुक्रवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

त्यस्तै, १८ महीनादेखि दुई वर्षसम्मका मुद्दा २८ रहेका छन् । कुल ५५ थान मुद्दा रहेकामा २७ मुद्दा फछ्र्योट भएका छन् । एक वर्षदेखि १८ महीनासम्मका ५० थान मुद्दा फछ्र्योट गर्न बाँकी रहेका छन् । कुल ७५ मुद्दा रहेकामा ५५ मुद्दा फछ्र्योट भएका छन् ।

साथै छ महीनादेखि एक वर्षभित्रका ६८ मुद्दा फछ्र्योट भएका छन् । कुल ८१ मुद्दा रहेकामा १३ फछ्र्योट भएका छन् । त्यस्तै, छ महीनाभित्रका कुल १०१ मुद्दा रहेकामा छ मुद्दा फछ्र्योट भएका छन् भने छ भने ९५ थान मुद्दा बाँकी छन् ।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवरले अदालतले मुद्दा फछ्र्योटलाई तीव्रता दिएको र निर्दोषलाई दोषी ठहर नहोस् तथा दोषीले सजाय पाओस् भन्ने उद्देश्यका साथ काम गरिरहेको बताए । उनले अदालतले छिट्टै अनलाइन सुनुवाइ गर्ने तयारी गरिरहेको र संविधान तथा कानून अनुसार पाएको जिम्मेवारी पूरा गरिरहेको जानकारी दिए ।

उक्त अदालतबाट २०७९ वैशाख १ गतेदेखि नेपालभर अनलाइन तारिख लिन र कोभिडपश्चात् अनलाइन बकपत्र गर्ने प्रक्रिया नियमितरूपमा सञ्चालन भइरहेको छ । विशेष अदालतमा गोलाप्रथा प्रक्रियाद्वारा पेसी व्यवस्थापनसम्बन्धी कार्यविधि निर्देशिका, २०८० अन्तिम चरणमा रहेको जनाइएको छ ।

### चीसोबाट बच्न सतर्कता ...

दिउँसो देशभर आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ । रातिको समयमा कोशी, बाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली तथा बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ ।

भोलि (पुस ७ गते) प्रदेशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली तथा बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहनेछ । सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ ।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# एमाले रौतहटको जिल्ला अधिवेशन माघ १२ गते गरुडामा हुने

प्रस, रौतहट, ६ पुस/

नेकपा एमाले जिल्ला कमिटी रौतहटको गरुडामा बिहीवार सम्पन्न बैठकले १०औं जिल्ला अधिवेशन माघ १२ र १३ गते गरुडामा गर्ने निर्णय गरेको छ।

बैठकले अधिवेशन तयारीका लागि विभिन्न उपसमितिसमेत गठन गरेको छ। अधिवेशनमा प्रत्येक पालिकाबाट ५० जना सङ्गठित सदस्य बराबर पाँचजना प्रतिनिधि चयन गर्ने, ५० जनाभन्दा बढी सदस्य भएमा २० जनामा थप एक/एक जनाको दरले थप गर्दै जाने निर्णय गरेको छ।

त्यसैगरी, अधिवेशन भएका जनसङ्गठनबाट तीनजना र अधिवेशन हुन नसकेका जनसङ्गठनका जिल्ला कमिटीबाट दुईजनाको दरले प्रतिनिधित्व गराउनुका साथै जिल्लाभरिका पालिकामा माघ ३ गते एकै दिन प्रतिनिधि छनोट गर्ने निर्णय गरेको छ।

जिल्ला कमिटीका संयोजक सच्चितानन्द साहको अध्यक्षता र पोलिटब्युरो सदस्य तथा रौतहट जिल्ला इन्चार्ज पुरुषोत्तम पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न बैठकमा मधेस प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डल, प्रदेश सचिव मनोज पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

बैठकमा केन्द्रीय कमिटी सदस्यहरू उद्धव रेग्मी, अजय गुप्ता, रेखा झा, प्रदेश उपसचिव आरती भण्डारीलगायतको सहभागिता थियो।

# शहीद हीरालाल स्मृति प्रतिष्ठान सामुदायिक भवन शिलान्यास

जीतलाल श्रेष्ठ, निजगढ, ६ पुस/

शहीद हीरालाल स्मृति प्रतिष्ठान सामुदायिक भवनको बिहीवार मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव र बारा क्षेत्र नं. १ का सङ्घीय सांसद अच्युत मैनालीले संयुक्तरूपमा शिलान्यास गरेका छन्।

कार्यक्रममा मुख्यमन्त्री यादवले शहीदहरूको बलिदानले नै देशमा सङ्घीयता र गणतन्त्र स्थापना भएको बताउँदै यसको रक्षा गर्ने जिम्मेवारी, दायित्व सङ्घीय लोकतान्त्रिक गणतन्त्र पक्षधरहरूको रहेको बताए। मुलुकमा जहानियाँ राणाशासनविरुद्ध र त्यसपछिका अन्य सबै आन्दोलनहरूमा शहीदहरूले बलिदान गरेकाले नै अहिले हामी यस स्थानमा उभिन पाएको उनले प्रस्ट्याए।

यस व्यवस्थालाई कमजोर बनाउने कार्य कहिल्यै गर्न नहुने, बरु अझ मजबूत बनाउँदै मुलुक र आम जनताका भावनाहरू समेट्दै हरेकको शिक्षा, स्वास्थ्य, रोजगारबारे गम्भीर हुँदै राष्ट्रको विकास र सबल, सक्षम नागरिक निर्माणतर्फ सबै मिलेर अघि बढ्नुपर्ने बताए। यस व्यवस्थाले सबैका हक, अधिकार समेटेको बताउँदै अब कार्यान्वयनतर्फ जोड दिन ढिलाइ गर्न नहुने बताए।

"मधेस प्रदेश सरकार शहीदहरूका सम्मानका लागि सचेत छ"–मुख्यमन्त्री यादवले भने। यिनै शहीदहरूका सम्मानका लागि प्रदेश सरकारले मधेस शहीद प्रतिष्ठान गठन गरेको बताए। जनान्दोलन २०६२/०६३ का शहीद हीरालाल गौतमको स्मृतिमा निर्माण हुन लागेको यस



तस्वीरः प्रतीक

सामुदायिक भवन निर्माण कार्यमा प्रदेश सरकारले सक्दो सहयोग गने प्रतिबद्धता मुख्यमन्त्री सरोज यादवले गरे।

सो कार्यक्रमा सङ्घीय सांसद अच्युत मैनालीले शहीदको सम्मानमा निर्माण हुन लागेको यो भवन आम जनताको सम्पत्ति भएको बताउँदै शहीदहरूका बलिदानबाट प्राप्त व्यवस्थालाई अझै मजबूत बनाउन सबै लाग्नुपर्ने बताए।

स्थानीय किरण श्रेष्ठले निजगढ नगरपालिका–७ मा रहेको १० धुर जमीन निश्शुल्क दान गरेसँगै सङ्घीय सरकारको तराई समृद्धि कार्यक्रमबाट प्राप्त ३० लाखको लागतमा शुरू गरिएको हल सहित तीन तल्ले भवन निर्माण सम्पन्न गर्न ८० लाखभन्दा बढी लाग्ने अनुमान गरिएको भवन निर्माण समितिका अध्यक्ष गोकुल घोरसाइनेले जानकारी दिए।

कार्यक्रममा शहीद हीरालाल स्मृति प्रतिष्ठानका अध्यक्ष एकबहादुर श्रेष्ठले प्रतिष्ठानको उद्देश्यबारे जानकारी गराए।

कार्यक्रममा प्रदेश सांसद त्रिलोकी चौधरी, नगरप्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ, वडाअध्यक्ष तथा जनप्रतिनिधि, पूर्व उपप्रमुख लीलादेवी लामिछाने, शहीदपत्नी गायत्री गौतमलगायतको सहभागिता रहेको थियो। कार्यक्रम सञ्चालन जयराम कुमरले गरेका थिए।


## वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं।
- वैदेशिक रोजगारमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकीन गरौं।
- वैदेशिक रोजगारका लागि पर्यटक भिसाको प्रयोग नगरौं।
- श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारमा जाऔं।
- **श्रम स्वीकृतिविना वैदेशिक रोजगारमा जाने कामदारहरूले :**

◆ करारबमोजिम काम र सुविधा नपाउने,
◆ विदेशी भूमिमा पीडित बन्नुपर्ने,
◆ स्वदेश फर्कन कठिनाइ हुने,
◆ कतिपय अवस्थामा जेलसजायसमेत भोग्नुपर्ने,
◆ ज्यानसमेत गुमाउनुपर्नेलगायतका अवस्था आउन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# भारतीय गाडीबाट ३६ किलो गाँजा बरामद

प्रस, वीरगंज, ६ पुस/

जिल्ला प्रहरी कार्यालय, बारा अन्तर्गतको प्रहरी चौकी पथलैयाले शुक्रवार बिहान भारतीय नम्बरको स्कारपियो गाडीबाट ३६ किलो गाँजा बरामद गरेको छ।

जिप्रका, बाराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले प्रहरी चौकी पथलैयाले आज बिहान साढे सात बजे पथलैया सडकखण्डमा रोकिराखेको भारतीय नम्बरको स्कारपियो गाडीलाई चेकजाँच गर्दा गाडीको डिकीमा बक्स बनाएर लुकाएर राखिएको अवस्थामा गाँजा बरामद भएको बताए। उनले गाडी बेवारिसे अवस्थामा सडकखण्डमा रहेको प्रहरी चौकी पथलैयाले जनाएको र बरामद गाँजा र गाडीको सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए।

# खेलकूदको संसार

## सिजीकपः न्यू एकता र सिमरा पब्लिक विजयी

प्रस, परवानीपुर, ६ पुस/

वीरगंजमा जारी सिजी एजुकेशन कपमा शुक्रवार दुईवटा खेल सम्पन्न भए। दिल्ली पब्लिक स्कूलद्वारा पुस ४ गतेदेखि आयोजित नवौं संस्करणको प्रतियोगिता अन्तर्गत आज न्यू एकता स्कूल, सिमरा र लिटल फ्लावरबीच भएको पहिलो खेलमा न्यू एकताले लिटल फ्लावरलाई शून्य गोलका विरुद्ध चार गोलले पराजित गरेको छ।



तस्वीरः प्रतीक

न्यू एकताको तर्फबाट केशव श्रेष्ठले २५, ४३ र ५२औं मिनेटमा तीन गोल गर्दै ह्याट्रिक गरे भने न्यू एकताका अर्का खेलाडी सन्तोष मगरले ४०औं मिनेटमा एक गोल गरेका थिए। खेल अवधिभर लिटल फ्लावरका खेलाडी निरीह देखिएका थिए। पटकपटक प्रयास गरे तापनि लिटल फ्लावरले गोल भने गर्न सकेन। सो खेलमा उत्कृष्ट खेलाडी न्यू एकताका ह्याट्रिक गर्ने केशव श्रेष्ठ घोषित भए।

त्यस्तै, आजको दोसो खेलमा वीरगंजको साउथजोन स्कूललाई एक गोलका विरुद्ध दुई गोल गर्दै सिमरा पब्लिक स्कूल विजयी भएको छ। सिमराको तर्फबाट प्रियांश दास थारूले ३१औं र समीर रोयले ४९औं मिनेटमा दुई गोल गर्दा साउथजोनको तर्फबाट ५९औं मिनेटमा एक गोल फर्काउन सफल भयो। साउथजोनको तर्फबाट आदित्य चौधरीले सान्त्वना एक गोल गरेका थिए। यस खेलको उत्कृष्ट खेलाडी सिमरा पब्लिक स्कूलका विवेक चौधरी घोषित भए। शनिवार पहिलो खेल लोट्स एकेडेमी, वीरगंज र मोर्डन स्कूल, परवानीपुरबीच हुनेछ भने दोस्रो खेल सिमराको शुभतारा स्कूल र सोलिडारिटी स्कूलबीच हुने आयोजक डिपिएसका प्रधानाध्यापक रञ्जीव आनन्दले जानकारी गराए।

## पाँचौं मेयरकप टी-२० क्रिकेट : पोखरिया नपा फाइनलमा

दिनेश मिश्र, वीरगंज, ६ पुस/

पोखरिया नगरपालिका पोखरियामा जारी पाँचौं मेयरकप टी–२० क्रिकेटको फाइनलमा प्रवेश गरेको छ।

पोखरिया नपाको सहयोगमा वडा नं ६ कार्यालयद्वारा शेरा खेलमैदानमा आयोजित मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न पहिलो सेमिफाइनल खेलमा सखुवाप्रसौनी गापालाई पराजित गर्दै पोखरिया नपा फाइनलमा प्रवेश गरेको हो। टस जितेर सखुवाप्रसौनी गापाले निर्धारित २० ओभरको खेलमा १७.१ ओभरमा सबै विकेट गुमाएर ८९ रन जोडेको थियो। प्रतिउत्तरमा पोखरिया नपाले १५.२ ओभरमा आठ विकेट गुमाएर लक्ष्य पूरा गर्दै फाइनलको यात्रा सुरक्षित गरेको हो। २१ बलमा ४० रन बनाएका पोखरियाका नितेश चौधरी आजको खेलको 'म्यान अफ दी म्याच' घोषित भए। प्रतियोगिताको दोस्रो सेमिफाइनल खेल शनिवार कालिकामाई गापा र विन्ध्यवासिनी गापाबीच हुनेछ। भोलिको सेमिफाइनल खेलबाट फाइनलको यात्रा गर्ने टीम सोमवार पोखरिया नपासँग भिड्नेछ।

## एथलेटिक्सको कार्यसमिति गठन

प्रस, वीरगंज, ६ पुस/

पर्सा जिल्ला एथलेटिक्स परिवारको शुक्रवार सम्पन्न भेलाले सन्नीकुमार दुबेको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत गठन गरेको छ।

वीरगंज महानगरपालिका–२४ स्थित शारदा मावि, बहुअरीमा नेपाल शिक्षक महासङ्घ वीरगंज महानगर कमिटीका अध्यक्ष विनोद मेहताको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले अध्यक्ष दुबे, उपाध्यक्ष जीयालाल गुप्ता, कोषाध्यक्ष गीता ठाकुर, सचिव विशेश्वर पटेल, सहसचिव सरोज उपाध्यायलगायत ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको सचिव पटेलले बताए।

## प्रधानमन्त्री कप महिला क्रिकेट : गण्डकीद्वारा कर्णाली पराजित

काठमाडौं, ६ पुस/रासस

प्रधानमन्त्री कप महिला टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार सम्पन्न खेलमा गण्डकी प्रदेशले कर्णाली प्रदेशलाई पराजित गरेको छ। गण्डकी प्रदेश ४४ रनले विजयी भएको हो। जारी प्रतियोगितामा गण्डकीको यो पहिलो जीत हो। बिहीवार खेलेको पहिलो खेलमा गण्डकी लुम्बिनी प्रदेशसँग चार विकेटले पराजित भएको थियो।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गर्दै गण्डकी प्रदेशले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १४१ रन बनायो। जीतका लागि १४२ रनको विशाल विजयी लक्ष्य पछ्याएको कर्णाली २० ओभरमा छ विकेट गुमाउँदै ९७ रनमा समेटियो। गण्डकीका लागि अञ्जली विश्वकर्मा र ज्योत्स्निका मरासिनीको उत्कृष्ट साझेदारी गरे। अञ्जलीले ५१ रन बनाइन्। उनले ४८ बल खेल्ने क्रममा आठ चौका प्रहार गरिन्। यस्तै, ज्योत्स्निकाले ४० बलमा पाँच चौका र एक छक्कासहित ५० रन बनाइन्। यस्तै, सुमन खतिवडाले १७ बलमा दुई चौका र एक छक्कासहित २२ रन बनाइन्।

बलिङतर्फ कर्णालीकी यमुना थारू र अञ्जु गुरुङले दुई तथा रश्मी खड्काले एक विकेट लिए।

यसैगरी, कर्णालीको लागि ९७ रन बनाउने क्रममा गौरी बोहराले २६, यमुना थारूले २१ तथा तृसना विश्वकर्माले १९ रन जोडे।

बलिङतर्फ गण्डकी प्रदेशकी रचना चौधरीले दुई तथा सुमन खतिवडा र ज्योत्स्निका मरासिनीले एक/एक विकेट लिए। जारी प्रतियोगितामा कर्णालीको यो लगातार दोस्रो हार हो। यसअघि बिहीवार खेलेको पहिलो खेलमा कर्णाली कोशी प्रदेशसँग १० विकेटले पराजित भएको थियो।

### कोशीले बाग्मती प्रदेशलाई हरायो

प्रधानमन्त्री कप महिला टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा कोशी प्रदेशले बाग्मती प्रदेशलाई आठ विकेटले पराजित गर्दै विजयी भएको छ।

बाग्मतीले कोशी प्रदेशलाई जीतका लागि ८८ रनको मध्यम लक्ष्य दिएको थियो। जवाफमा कोशी प्रदेशले १८ दशमलव एक ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो। कोशीको जीतमा काजल श्रेष्ठले सर्वाधिक ४१ रनको योगदान दिइन्। उनले ५१ बल खेल्दै तीन चौका र एक छक्काको मदतमा ४१ रन बनाएकी हुन्।

कोशी प्रदेशकी अर्की खेलाडी अपसरी बेगमले पनि समान ४१ रन बनाइन्। उनले ५४ बल खेल्दै चार चौका र एक छक्काको मदतमा ४१ रन बनाएकी हुन्। कप्तान रूविना क्षेत्रीले दुई रन बनाइन्। बलिङतर्फ बाग्मतीकी संस्कृति फुयाँल र सोनी पाख्रिनले समान एक/एक विकेट लिए। त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बाग्मतीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ८७ रनको योगफल बनाएको थियो।

बाग्मतीका लागि यशोधा विष्टले सर्वाधिक ४१ रनको योगदान दिइन्। उनले ५४ बल खेल्दै चार चौकाको मदतमा ४१ रन बनाएकी हुन्। त्यस्तै, अस्मीना कमाचार्यले २४ रन बनाइन्। त्यसबाहेक अन्य कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। कञ्चन श्रेष्ठले आठ रन जोडिन् भने सोनी पाख्रिन र खुशी डङ्गोलले समान तीन/तीन रन जोडे।

बलिङतर्फ कोशी प्रदेशकी अपसरी बेगम र सबनम राईले समान दुई/दुई विकेट लिए भने सङ्गीता राईले एक विकेट लिइन्। यस जीतसँगै कोशी प्रदेशले प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ। हिजो भएको पहिलो खेलमा कोशीले कर्णाली प्रदेशलाई १० विकेटले हराएको थियो। यता बाग्मतीको भने यो पहिलो हार हो। हिजो भएको खेलमा बाग्मतीले मधेस प्रदेशलाई पराजित गरेको थियो।

## नेपाली पति खोज्दै ...

नेपालमा अर्को केटीसँग बिहे भयो र त्यसको सुइँको फतेमाले पाएपछि उनी इमामको खोजी गर्न नेपाल आएकी हुन्।

अप्रिलमा नेपाल आएकी फतेमालाई इमामले घरमा नराखेर बसपार्कको वेलकम होटलमा एक साता राखेर बङ्गलादेश घर फिर्ता पठाएका थिए। अहिले दोस्रो पटक तीन दिनअघि मात्र नेपाल आएकी फतेमा प्रहरीमार्फत इमामको खोजीमा लागेकी छन्।

इमाम कार्यरत नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चित्तरञ्जन साहले डा इमाम दैनिक ज्यालादारीमा कार्यरत रहेका र हाल उनी सम्पर्कमा नभएको बताए। अहिले फतेमालाई भने माइती नेपालले आफ्नो संरक्षणमा राखेको छ।